# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ३, अङ्क १, २०७२ साउन Year 3, Issue 1, Aug 2015


## राजस्व संकलन १४ प्रतिशतले वृद्धि

काठमाडौं। आर्थिक वर्ष २०७१/०७२ असार मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा करिव १४ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७१/०७२ असार महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. १ खर्व ५७ अर्व ५० करोड रहेकोमा रु. १ खर्व ६० अर्व ९ करोड १० लाख ९० हजार संकलन भई लक्ष्यको तुलनामा १०२ प्रतिशतको प्रगति भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. ८८ अर्व ४५ करोड ९० लाख ९० हजार, मूल्य अभिवृद्धि कर रु. ३९ अर्व ५५ करोड ५२ लाख ६२ हजार र अन्तःशुल्क तर्फ रु. ३१ अर्व ५ करोड २२ लाख १६ हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ९९ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ १०४ प्रतिशत र अन्तशुल्क तर्फ १०९ प्रतिशत हो। त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रु. ४६ करोड १६ लाख १६ हजार र रु. ५६ करोड २९ लाख ६ हजार संकलन भएको छ। शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ९२ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ८८ प्रतिशत संकलन भएको छ। गत वर्षको तुलनामा आयकर वृद्धिदर ११४ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर ११५ प्रतिशत, अन्तशुल्कको वृद्धिदर ११३ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर १२८ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर १०६ प्रतिशत रहेको छ।

## ललितपुर घोषणापत्र जारी गर्दै
# व्यवस्थापन गोष्ठीको समापन




व्यवस्थापन गोष्ठीमा माननीय अर्थमन्त्री डा. रामशरण महत, अर्थसचिव श्री सुमनप्रसाद शर्मा, अर्थ मन्त्रालयका सहसचिव श्री लक्ष्मण अर्याल र आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा

काठमाडौं। आन्तरिक राजस्व विभागले आर्थिक वर्ष २०७१/०७२ को वार्षिक प्रगति समीक्षा सहित मिति २०७२/४/२८ र २९ मा ललितपुरमा आयोजना गरिएको व्यवस्थापन गोष्ठी २१ बुंदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ। आर्थिक वर्ष २०७१।०७२ मा ४९ वटा कार्यालयमध्ये उत्कृष्ट कार्य सम्पादन गर्ने प्रथम, द्वितीय, तृतीय र चतुर्थ हुने कार्यालयहरुलाई प्रशंसापत्र प्रदान गरिएको थियो । जसमा आन्तरिक राजस्व कार्यालय धनगढी प्रथम, आन्तरिक राजस्व कार्यालय महेन्द्रनगर द्वितीय, ठूला करदाता कार्यालय तृतीय पुरस्कृत भएका छन्। आन्तरिक राजस्व कार्यालय बुटवलले चौथो स्थानको पुरस्कार प्राप्त गरेको छ। पुरस्कृत हुने कर्मचारीहरुलाई बधाई दिनु हुंदै माननीय.अर्थमन्त्री डा. रामशरण महतले काठमाडौंभन्दा बाहिरका कार्यालयहरु पुरस्कृत हुनु खुसीको कुरा भएको बताउनुभयो । माननीय मन्त्री महतले देशभरका सवै कार्यालयहरुले उत्प्रेरित भएर कार्य गर्न निर्देशन दिनुभयो।

कर्मचारीहरुलाई निर्देशन दिनुहुंदै माननीय अर्थमन्त्री डा. रामशरण महतले राजस्व असुलीमा तीव्रता दिनुपर्ने, करको दायरा विस्तार गर्नुपर्ने र कार्यालयको क्षमता विकास गरी राजस्व प्रशासनमा सुधार गर्नुपर्ने विषयमा जोड दिनु भएको थियो।

अर्थमन्त्री डा. रामशरण महतले व्यवस्थापन गोष्ठीमा लामो छलफल र, अन्तर्क्रियाबाट, जुन घोषणाबाँकी ५ पेजमा....

## ऑखीझ्याल


ललितपुर घोषणा पत्र २०७२ — पृष्ठ ३

१२ लाख ९२ हजार ३ सय ४५ पुगे करदाता — पृष्ठ ७

आन्तरिक राजस्व कार्यालय बुटवलको नवनिर्मित भवनको उद्घाटन — पृष्ठ १९



# महानिर्देशकको सन्देश

**विभाग र मातहत कार्यालयहरुले सम्पादन गर्ने कार्यहरुलाई गुणस्तरीय र लागत प्रभावी ढंगले सम्पादन गर्ने अभिप्रायले कार्यालय प्रमुखहरुलाई आफ्नो जिम्मेवारी प्रति थप जवाफदेही बनाउदै निर्दिष्ट कार्यगत लक्ष्य हासिल गर्नका लागि हामीले यसै वर्ष असोज महिना भित्रै विभाग र कार्यालय प्रमुखहरुबीच कार्य सम्पादन सम्झौता गरी कार्यान्वयनमा ल्याइने भएको हुँदा यसले राजस्व प्रशासन अझ बढी चुस्त, सक्षम, प्रभावकारी र व्यावसायिक बनाउन कोशे ढुंगाको रुपमा कार्य गर्नेछ भन्ने मैले विश्वास लिएको छु। यसका लागि सवैबाट आआफ्नो तहबाट सकारात्मक योगदानको समेत अपेक्षा गर्दछु।**

सर्व प्रथम म आर्थिक वर्ष २०७१/०७२ का लागि हामीलाई निर्धारण गरिएको संशोधित राजस्व लक्ष्य हासिल गर्न सफल भएकोमा कर परिवारका सम्पूर्ण कर्मचारी साथीहरु, करदाता र अन्य सम्वद्ध सवैलाई बधाई साथ धन्यवाद दिन चाहन्छु। हामीले आर्थिक वर्ष २०७१/०७२ भरी सम्पादन गरेका कार्यहरुको समीक्षा गर्दै कार्य सम्पादनको क्रममा भोगेका समस्याहरुको पहिचान गरी उक्त समस्या समाधानका लागि आआफ्नो क्षेत्रबाट अवलम्बन गर्नुपर्ने उपायहरुको सम्बन्धमा व्यापक छलफल तथा अन्तर्क्रिया गरी आगामी दिनको रणनीतिहरुको रुपमा हालै २०७२/४/२८ र २९ मा सम्पन्न व्यवस्थापन गोष्ठीमा विभिन्न २१ बुँदाहरु समेटेर घोषणा पत्र पनि जारी गरिसकेका छौं।

अबका दिनमा हामीले चालु आर्थिक वर्ष २०७२/७३ भरीमा सम्पादन गर्नुपर्ने कार्यलाई व्यावसायिक कार्य योजनाको रुपमा तर्जुमा गरी लागू पनि गरिसकेको हुँदा म सवै कार्यालयहरुलाई विभागीय व्यावसायिक कार्य योजनामा समाञ्जस्य हुने गरी आआफ्ना कार्यालयहरुको वार्षिक कार्य योजना तयार गरी सोही अनुसार आगामी काम कारवाही अगाडि बढाउन निर्देशन गर्न चाहन्छु।

हामीले यस वर्ष कर प्रशासनसँग भएका करदाताका सूचना अद्यावधिक गर्ने अभिप्रायले करदाताका सूचना प्राप्त गर्ने हाम्रो प्रारम्भिक चरणको फारामको ढाँचामा परिष्करण गरी लागू गर्ने प्रयास गरेका छौं। जसले गर्दा करदाताको सूचना अद्यावधिक भई करदाता स्वयं र कर परिवार समेतलाई करदाताको सहज ढंगले प्रशासन गर्न मद्दत पुग्दछ। त्यसैगरी करदाता उपर कर प्रशासनको पहुँच स्थापित गराई कर कानूनको परिपालना (Tax compliance) मा वृद्धि ल्याई राजस्व परिचालनमा थप योगदान पुऱ्याउने मैले विश्वास लिएको छु।

लामो अवधिदेखि तिर्नुपर्ने कर दायित्व भुक्तान नगरी वक्यौता राख्ने करदाताहरुको हकमा त्यस्ता करदाताहरुको लगत अद्यावधिक गरी असुलीको कारवाहीलाई तिव्रता दिने हाम्रो सोच अनुसार अद्यावधिक विवरण तयार गरी कानूनी कारवाही शुरु गर्न सवै कार्यालयहरुलाई निर्देश गर्दछु।

आर्थिक ऐन, २०७२ ले मूल्य अभिवृद्धि कर ऐनको संशोधन गरी मूल्य अभिवृद्धि करमा दर्ता हुन नपर्ने कारोवारको सीमा रु २० लाखबाट वृद्धि गरी रु ५० लाख पुऱ्याइएको सन्दर्भमा साविकमा स्वेच्छाले मूल्य अभिवृद्धि करमा दर्ता भएका तथा कारोवार रकम थ्रेसहोल्ड भन्दा कम भएका करदाताहरुको दर्ता खारेजी सम्बन्धमा छुट्टै कार्यविधि तयार गरी दर्ता खारेजी प्रकृयालाई प्रभावकारी बनाई हाल कायम रहेको Non Filer को संख्यामा उल्लेख्य कमी ल्याउन कर प्रशासनले हदै सम्मका प्रयासहरु थालनी गर्ने भएकोले विवरण नबुझाई कारोवार गरिरहेका करदातालाई यसै सन्देश मार्फत् म यथाशक्य विवरण बुझाई नियमानुसार लाग्ने कर दाखिला गर्न आव्हान गर्दछु। त्यति गर्दा पनि अटेर गरेर बस्ने करदाता उपर कर प्रशासन कानुन बमोजिमका दण्डात्मक कार्यहरु गर्नका लागि कडा रुपमा प्रस्तुत हुने कुरा पनि म सम्बन्धित सवैमा जानकारी गराउँदछु।

अन्त्यमा, विभाग र मातहत कार्यालयहरुले सम्पादन गर्ने कार्यहरुलाई गुणस्तरीय र लागत प्रभावी ढंगले सम्पादन गर्ने अभिप्रायले कार्यालय प्रमुखहरुलाई आफ्नो जिम्मेवारी प्रति थप जवाफदेही बनाउदै निर्दिष्ट कार्यगत लक्ष्य हासिल गर्नका लागि हामीले यसै वर्ष असोज महिना भित्रै विभाग र कार्यालय प्रमुखहरुबीच कार्य सम्पादन सम्झौता गरी कार्यान्वयनमा ल्याइने भएको हुँदा यसले राजस्व प्रशासन अझ बढी चुस्त, सक्षम, प्रभावकारी र व्यावसायिक बनाउन कोशे ढुंगाको रुपमा कार्य गर्नेछ भन्ने मैले विश्वास लिएको छु। यसका लागि सवैबाट आआफ्नो तहबाट सकारात्मक योगदानको समेत अपेक्षा गर्दछु।

भदौ, २०७२

**चुडामणि शर्मा**
महानिर्देशक

# ललितपुर घोषणा पत्र-२०७२

आन्तरिक राजस्व विभाग देशको आन्तरिक राजस्व संकलन तथा व्यवस्थापन गर्ने एक महत्वपूर्ण निकाय हो। यस विभागद्वारा आर्थिक वर्ष २०७१/०७२ मा आयकर रु ८८ अर्व ४६ करोड, आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर रु ३९अर्व ५६ करोड, आन्तरिक तर्फको अन्तःशुल्क रु ३१ अर्व ५ करोड, स्वास्थ्य सेवा कर रु ५६ करोड र शिक्षा सेवा शुल्क रु ४६ करोड गरी कुल रु १६० अर्व १० करोड कर राजस्व संकलन गरिएको छ। गत आर्थिक वर्षमा संकलन गरिएको कर राजस्व विगत वर्षमा असुली गरिएको कर राजस्वभन्दा १४ प्रतिशतले वृद्धि कायम राख्दै लक्ष्यको तुलनामा १०२ प्रतिशत प्रगति हासिल भएको छ। कुल गार्हस्थ्य उत्पादनमा मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्कको अनुपात क्रमशः ५.५८, ४.१६० र २.५२ प्रतिशत रहेको छ। कुल राजस्व परिचालनमा आन्तरिक राजस्व विभागको योगदान करिब ४३ प्रतिशत रहेको छ। यस अवधिसम्ममा कुल १२,९२,३४५ करदाताहरु करको दायरामा समाहित भएका छन् जुन कुल जनसंख्याको करिब ४.७ प्रतिशत हुन आउँछ। यी मध्ये व्यावसायिक स्थायी लेखा नम्बर लिने ७,६५,६०५ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ५,२६,७४० रहेका छन्। व्यावसायिक स्थायी लेखा नम्बर लिने मध्ये मूल्य अभिवृद्धि करतर्फ १,५३,८५० र अन्तःशुल्कतर्फ ४६,०८७ करदाता दर्ता रहेका छन्। व्यावसायिक स्थायी लेखा नंवर लिने मध्ये करिब ९८ प्रतिशत करदाताहरुले e-filing गरिरहेका छन्।

वित्तीय स्थायित्व एवम् आर्थिक वृद्धिको लागि सुदृढ वित्त संरचना निर्माण गर्ने, कर प्रणालीको सुदृढीकरण गर्दै दिगो रुपमा आन्तरिक वित्तीय स्रोत परिचालन गर्ने, छरितो कार्यविधि एवम् विद्युतीय शासन पद्धति मार्फत् सहभागिता लागत र संकलन लागत न्यून गर्ने उद्देश्यले पञ्चवर्षीय रणनीति, वार्षिक नीति तथा कार्यक्रम र विभागद्वारा विभिन्न समयमा घोषणा गरिएका प्रतिबद्धता एवम् नीतिहरुलाई आत्मसात् गर्दै २०७२ साल श्रावण २८ र २९ गते ललितपुरमा सम्पन्न व्यवस्थापन गोष्ठीबाट चालु आर्थिक वर्ष २०७२/०७३ मा तपसिल बमोजिम सुधारका कार्य सम्पादन गर्ने सामूहिक प्रतिबद्धता व्यक्त गर्दछौं।

१. चालु आर्थिक वर्ष २०७२/०७३ को लागि निर्धारण गरिएको आयकर रु १०९ अर्व ७ करोड, आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर रु. ४८ अर्व १८ करोड, आन्तरिक तर्फको अन्तःशुल्क रु. ३५ अर्व ९५ करोड, स्वास्थ्य सेवा कर रु. ८३ करोड र शिक्षा सेवा शुल्क रु. ६५ करोड गरी कुल रु. १९४ अर्व ६८ करोड कर राजस्व संकलन गरिनेछ।

२. विभिन्न सरकारी, सार्वजनिक एवम् निजीक्षेत्रका निकाय र व्यक्तिहरुले भुक्तानी दिंदा स्रोतमा कर कट्टी गरे नगरेको र स्रोतमा कर कट्टी गरी सोको विवरण तथा कर दाखिला गरे नगरेको अनुगमन एवम् कर परीक्षण गर्ने कार्यलाई प्राथमिकता दिई कुल आयकरमध्ये स्रोतमा संकलन गरिने करको योगदान हालको २५ प्रतिशतबाट बढाई कम्तिमा ३० प्रतिशत पुर्‍याईनेछ।

३. चालु आर्थिक वर्षदेखि सबै सरकारी निकायहरुलाई अनिवार्य रुपमा स्थायी लेखा नम्बर लिनु पर्ने व्यवस्था गरिनेछ। ती निकायहरुले भुक्तानीको समयमा श्रोतमा कर कट्टी गरेको रकमलाई विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्ने व्यवस्था मिलाइनेछ।

४. चालु आर्थिक वर्षको कायमी कर बक्यौतामध्ये आर्थिक ऐन, २०७२ ले दिएको विशेष सुविधाको कार्यान्वयन तथा कर फछ्र्यौट आयोग, २०७१ बाट फछ्र्यौट भएको रकम समायोजन गरी बाँकि रहेको करदाताहरुको लगत अद्यावधिक गरिनेछ र रु. १० लाख भन्दा बढी कर बक्यौता रहेको करदाताको पूर्ण अभिलेख राखी बक्यौता असूलीको कारवाहीलाई तिव्रता दिइनेछ।

५. विगत वर्षदेखि बेरुजु फछ्र्यौट रकमभन्दा बेरुजु थप हुने अंक बढी भइरहेको हुंदा आन्तरिक राजस्व विभागको बेरुजु अंक क्रमशः बृद्धि भइरहेको छ। यस्तो बेरुजु कम गर्न वित्तीय अनुशासन कायम गर्दै यथार्थपरक एवम् कानूनसम्मत करारोपण गर्नुका साथै विगतमा कायम भएका बेरुजुमध्ये कम्तीमा ७५ प्रतिशत बेरुजु सम्परीक्षण गरिनेछ।

६. मूल्य अभिवृद्धि कर नियमावली (सत्रौं संशोधन) ले वस्तुको हकमा मूल्य अभिवृद्धि करमा दर्ता हुन नपर्ने कारोबारको सीमा साविकको रु २० लाखबाट रु ५० लाख गरेको सन्दर्भमा साविकमा स्वेच्छाले मूल्य अभिवृद्धि करमा दर्ता भएका तथा कारोबार रकम थ्रेसहोल्डभन्दा कम भएका करदाताको दर्ता खारेजी सम्बन्धमा तोकिएको छुट्टै कार्यविधि अनुसार दर्ता खारेजीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी गुणस्तरीय करदाताहरुको मात्र मूल्य



अभिवृद्धि करमा दर्ता कायम राखिनेछ । साथै, करदाता शिक्षा एवम् संचारलाई प्रभावकारी बनाई Non-filer को सीमा ठूला करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं १, २, र ३ को हकमा एक प्रतिशतभन्दा तल र अन्य कार्यालयको हकमा १५ प्रतिशतभन्दा तल कायम राखिनेछ ।

७. मूल्य अभिवृद्धि कर विवरण पेश गर्ने करदाताहरुमध्ये शून्य विवरण तथा क्रेडिट विवरण पेश गर्ने करदाताहरुको संख्या बढ्दै गइरहेको छ । चालु आर्थिक वर्षमा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको सीमामा भएको परिवर्तित व्यवस्थाको करदाता समक्ष प्रभावकारी रुपले सूचना सम्प्रेषण गरी मूल्य अभिवृद्धि करमा दर्ता भएका, कारोवार बन्द गरेका र लामो समयसम्म कर विवरण दाखिला नगरी बसेका करदाताहरुलाई दर्ता खारेजी प्रकृयामा जान प्रेरित गरिने छ भने शून्य विवरण तथा क्रेडिट विवरण पेश गर्नेको संख्या न्यून गरिनेछ । साथै मूल्य अभिवृद्धि कर नियमावली (सत्रौं संशोधन) ले विगतमा स्वेच्छिक रुपमा दर्ता भएका करदातालाई चौमासिक कर विवरण दाखिला गर्न दिएको सुविधामा संशोधन गरी मासिक रुपमा विवरण बुझाउने व्यवस्था २०७२ मंसिरभित्र पूर्ण रुपमा कार्यान्वन गरिनेछ ।

८. शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर प्रयोजनको लागि दर्ता रहेका करदाताहरुले पेश गर्ने विवरणलाई यस आर्थिक वर्षभित्र कम्प्युटर प्रणालीमा आबद्ध गरिनेछ ।

९. करदाताको सहभागिता लागत तथा समय घटाउन र कर प्रशासनको कार्यबोझ न्यूनीकरण गर्ने उद्देश्यले आय विवरण पेश गर्ने म्याद थप सम्बन्धी निवेदनलाई online पेश गर्न र सोही माध्यमबाट स्वीकृति दिने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।

१०. विभागले विगतमा जारी गरेका आयकर निर्देशिका, मूल्य अभिबृद्धि कर निर्देशिका, अन्तशुल्क निर्देशिका, कम्प्यूटर विलिङ्ग कार्यविधि, मालवस्तुको आन्तरिक ओसारपसार निर्देशिका, एकीकृत कर परीक्षण दिग्दर्शन तथा Frequently Asked Question (FAQ) पद्धतिलाई परिमार्जित एवम् परिष्कृत बनाइनेछ । साथै, पूँजीगत लाभकर निर्देशिका, आकस्मिक कर कट्टी निर्देशिका, दीर्घकालीन करार निर्देशिका तथा मूल्य हस्तान्तरण निर्देशिका (Transfer Pricing Guidelines) तयार गरी कार्यान्वनमा ल्याइनेछ ।

११. आन्तरिक राजस्व विभागले प्रशासन गर्ने मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क, स्वास्थ्य सेवा कर तथा शिक्षा सेवा शुल्कको कार्यान्वयन गर्ने सन्दर्भमा विकास गरिएको एकीकृत कर प्रणाली (Integrated Tax System) को प्रभावकारी कार्यान्वयनको लागि सूचना, संचार र प्रविधि सम्बन्धी कार्य संचालन निर्देशिका (Information, Communication and Technology Standard Operating Procedure) निर्माण गरी २०७२ पौष मसान्तभित्र जारी गरिनेछ ।

१२. उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगको प्रतिवेदनले दिएका सुझावहरुलाई विषयगत प्रकृति अनुसार वर्गीकरण गरी कार्यान्वयन तहसंग सम्वन्धित सुझावहरुलाई यथाशीघ्र कार्यान्वयनमा ल्याइनेछ भने नीतिगत सुझावहरुको अध्ययन तथा विश्लेषण गरी कार्यान्वयन सम्बन्धी आवश्यक व्यवस्थाको लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।

१३. कर प्रयोजनको लागि करदाता दर्ता गर्ने सम्बन्धमा हाल कार्यान्वयन गरिंदै आएको दर्ता दरखास्त ढाँचा (Registration Application Form) मा परिमार्जन गर्नुका साथै साविकमा दर्ता भएका करदाताको विवरण अध्यावधिक गर्ने सम्बन्धमा Know your taxpayer (KYT) कार्यक्रम सञ्चालन गरिनेछ । साथै, हाल प्रचलनमा रहेको आय विवरण तथा कर विवरणको ढाँचा समयानुकूल परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ ।

१४. राजस्व परिचालनको संभाव्यता, राजस्व जोखिम, करदाता सेवा प्रवाह, कर कानूनको कार्यान्वयन एवम् भौगोलिक एवम् आर्थिक कारोवारको विश्लेषण गरी आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयहरुको संगठनात्मक पुनर्संरचना एवम् पुनर्गठन गर्ने सम्बन्धमा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी प्रतिवेदन पेश गर्न नियुक्त विशेषज्ञको प्रतिवेदन प्राप्त गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाइनेछ ।

१५. करदाताको प्रकृति अनुसार अध्ययन तथा विश्लेषण गर्न, नीति निर्माण गर्न तथा क्षेत्रगत जोखिम पहिचान गरी कर परीक्षण तथा कर अनुसन्धानको लागि छनौट गर्न उपयुक्त हुने गरी हाल प्रयोगमा ल्याएको Standard International Trade Code - SITC) को परिमार्जन गर्ने सम्बन्धमा अध्ययन गरी प्राप्त प्रतिवेदनलाई कार्यान्वयनमा ल्याइनेछ ।

१६. विद्युतीय माध्यमबाट करको भुक्तानी गर्ने (e-Payment) व्यवस्थालाई सरोकारवाला निकायहरु (Stakeholder) संग समन्वय गरी यसै आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याइनेछ । साथै, कर परीक्षण तथा कर अनुसन्धानको लागि सहयोगी हुने सूचना संबन्धित निकायहरुबाट प्राप्त गर्न ती निकायहरुको विद्युतीय प्रणालीमा पहुँचको लागि समन्वय गरिनेछ ।

१७. करदाताको कारोबारको प्रकृति, क्षेत्र तथा आकारको आधारमा वर्गीकरण तथा राजस्व जोखिमको पहिचान गरी त्यस्ता करदाताको अनुसन्धानात्मक कर परीक्षण, चालु वर्षको कर परीक्षण कार्यमा जोड दिइनेछ । कर परीक्षण पश्चात् कर अधिकृतले दिने विद्यमान कर परीक्षण प्रतिवेदनको सट्टा व्यवसायको प्रकृति अनुरुपका फरक फरक कर परीक्षण प्रतिवेदनको ढाँचा तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१८. आन्तरिक राजस्व विभागका प्रभावकारी कार्य सम्पादन, व्यवस्थापनका लागि कार्यान्वयनमा रहेको ५ वर्षे रणनीतिक योजना (Startegic Plan) को मध्यावधि मूल्याङ्कन गरी प्राप्त निष्कर्षको आधारमा भावी सुधार योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१९. प्रशिक्षण रणनीति स्वीकृति गरी सोही आधारमा सम्पूर्ण कर्मचारीहरुलाई विषयगत तालिम दिने व्यवस्था गरिनेछ । सहभागीले तालिम कार्यक्रममा देखाएको सक्रियता तथा हासिल गरेको ज्ञान तथा सीपको वस्तुगत मूल्यांकन गरी सोही आधारमा अतिरिक्त स्वदेशी तथा विदेशी तालिममा सहभागी गराइने छ ।

२० प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने करदाताहरुलाई आफ्नो जिकिर प्रत्यक्ष रुपमा राख्नको लागि इजलास खडा गरी सुनुवाईको अवसर दिने व्यवस्थालाई निरन्तरता दिइनेछ । यसको साथै विभागले प्रशासन गर्ने हालको कर कानूनहरु तुलनात्मक रुपमा नवीन रहेको तर यसको कार्यान्वयनमा सन्दर्भमा उठेको विवाद निरुपण गर्ने राजस्व न्यायाधिकरण ऐनका कतिपय प्रावधानहरु प्रचलित कर कानूनसंग तादात्म्य नरहेकोले सोलाई समय साक्षेप बनाउन यसै वर्ष ऐनको संशोधन मस्यौदा तयार गरी अर्थ मन्त्रालयमा पेश गरिनेछ ।

२१. आन्तरिक राजस्व विभाग र मातहतका कार्यालय प्रमुख बीच निर्दिष्ट कार्यगत लक्ष्य हासिल गर्न २०७२ असोजभित्र कार्य सम्पादन सम्झौता गरी कार्यान्वयनमा ल्याइनेछ ।



अर्थमन्त्री डा. रामशरण महतलाई स्वागत गर्नुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा

१ पेजको बांकी..

पत्र भएको छ त्यसको स्वागत गर्दछु भन्नुहुँदै घोषणापत्रलाई व्यवहारमा, कार्यान्वयनमा ल्याउनका लागि कर प्रशासनले काम गर्नुपर्छ भन्नुभयो । करका जति पनि लक्ष्यहरु छन् त्यसलाई पूरा गर्ने मात्र होइन, कर प्रशासनलाई प्रभावकारी बनाउन पनि निर्देशन दिनुभयो। कर चुहावटलाई नियन्त्रण गर्ने कर प्रशासनको पहिलो काम भएकाले त्यस तर्फ केन्द्रित हुन समेत निर्देशन दिनुभयो।

कार्यालय प्रमुखले आफ्नो टिमलाई कसरी परिचालन गरेको छ । त्यसै अनुसार परिणाम आउने भएकाले सफलता हासिल गर्नको लागि पुरै टिमको सहयोग आवश्यक पर्ने बताउनुभयो। आफनो टिम भित्रको सीप र क्षमतालाई प्रयोग गर्ने कार्य नेतृत्वको क्षमतामा भर पर्ने उहांले बताउनुभयो। करदाताहरुलाई करको दायरामा ल्याउने, कर तिर्नलाई उत्प्रेरित गर्ने काममा पनि कार्यालय प्रमुखको भूमिका हुने भएका कारण सरकारले घोषणा गरेको नीति अन्तर्गत बसेर कार्य सम्पादन गर्न अर्थमन्त्री डा. महतले निर्देशन दिनुभयो।

अर्थसचिव श्री सुमनप्रसाद शर्माले सबै कार्यालयहरुको आ-आफ्नो कार्य योजना बनाएर घोषणा पत्रमा उल्लेख भएका सबै कुरा लागू हुनेमा आशावादी रहेको बताउनुभयो । करदाता शिक्षा महत्वपूर्ण रहेको बताउनुहुदै कर संकलनको व्यवहारमा पनि सुधार्न आवश्यक रहेको भन्ने उहांको भनाइ थियो। कर प्रशासनको सक्रियतासंगै करदाताले पाउने सुविधाका साथै भौतिक विकास हुनेछ भन्नुहुदै कर अधिकृतहरु करदाता समक्ष प्रस्तुत हुने व्यवहार, इमान्दारिता आदिमा राजस्व संकलन निर्धारण भएकोले त्यस तर्फ विशेष ध्यान दिन आग्रह गर्नुभयो। हामीले बाटो घाटोमा हिड्दाको व्यवहारगत शैलीले पनि करदातामा छाप छोड्ने हुँदा त्यसलाई ध्यान दिनुपर्ने बताउनुभयो । अर्थसचिव श्री सुमन शर्माले करदाताले कसरी कर तिरिरहेको छ, उसको व्यवसायको कसरी वृद्धि भइरहेको छ त्यसको सुक्ष्म अध्ययन गरी लक्ष्यभन्दा बढी प्रगति गर्न निर्देशन दिनुहुदै पुरस्कृत हुनै सबै कार्यालयलाई बधाई दिनुभयो।

व्यवस्थापन गोष्ठीमा राजस्व व्यवस्थापन महाशाखाका सहसचिव श्री लक्ष्मण अर्यालले कार्यपत्र प्रस्तुत गर्नु हुंदै राजस्वमा देखिएको जोखिम र आगामी दिनमा गर्नुपर्ने कार्यको वारेमा उल्लेख गर्नुभएको थियो।

उक्त गोष्ठीमा भन्सार विभागका महानिर्देशक श्री शिशिरकुमार ढुंगानाले भन्सार विभागले हाल लिएको नीति, सुधारको कार्यसूची र सुधार गर्न सकिने विषयको वारेमा कार्य पत्र प्रस्तुत गर्दै आन्तरिक राजस्व विभाग र भन्सार विभागको बीचमा सहकार्य हुनुपर्ने तथा स्रोत साधन, तथ्यांक, ज्ञान, क्षमता समेत सहकार्य हुनुपर्ने कुरामा जोड दिनुभयो।

उक्त अवसरमा सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका महानिर्देशक श्री केवल भण्डारीले सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागको जोखिम त्यसले लिएका नीति र उक्त कार्यमा अन्य विभागहरुको सहकार्यको आवश्यकता रहेको कुरा उल्लेख गर्नुभयो।

राजस्व अनुसन्धान विभागका महानिर्देशक श्री बालकृष्ण घिमिरेले विभागसंग सहकार्य गर्नुपर्ने र त्यसबाट राजस्व जोखिममा कमी आउने कुरा उल्लेख गर्नुभयो। आन्तरिक ओसार पसार निर्देशिकाले पनि चोरी पैठारी नियन्त्रण गर्न मद्दत गर्ने बताउनुहुदै राजस्व चुहावत नियन्त्रण समितिमा आन्तरिक राजस्व विभाग अन्तर्गतका कर्मचारी पनि सहभागी हुने भएकाले स्थानीय स्तरमा सक्रिय सहयोगको अपेक्षा गर्नुभयो । राजस्व अनुसन्धान विभागले प्रशासन गर्ने कानुनहरु पनि आन्तरिक राजस्व विभाग र भन्सार विभागले हेर्ने कानुनहरु नै भएकाले मिलेर काम गर्नुपर्ने बताउनुहुंदै आन्तरिक राजस्व विभाग र भन्सार विभागको दक्षता अभिवृद्धि गर्दा राजस्व अनुसन्धान विभागको पनि दक्षता अभिवृद्धि हुने बताउनुभयो। आन्तरिक राजस्व विभागका प्रमुख कर अधिकृतहरु करदातासंग नजिक हुने भएकाले करदाता शिक्षामा जोड दिन आग्रह गर्नुहुंदै सरकारले बनाएका पोलिसीहरुको वारेमा समयमै शिक्षित गर्न सके आफ्नो प्रशासन पनि सफल हुने महानिर्देशक घिमिरेको भनाइ थियो।

राजस्व प्रशासन तालिम केन्द्रका प्रमुख श्री अविनाथ राईले उक्त संस्थालाई सक्षम र सवल बनाई राजस्व प्रशासनको क्षेत्रमा तालिम दिन सक्ने संस्थाको विकास गर्नुपर्ने कुरा उल्लेख गर्नुभएको थियो।

महालेखा नियन्त्रक श्री राजेन्द्र नेपालले व्यवस्थापन गोष्ठीले कर प्रशासनलाई सक्षम र पारदर्शी बनाउन अझै भूमिका निर्वाह गरोस् भन्नुहुंदै महालेखा नियन्त्रक कार्यालयको तर्फबाट चाहिने सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले सम्पूर्ण कर्मचारीहरुलाई निर्देशन दिनुहुँदै कार्यक्रम समापन गर्नु भएको थियो । राजस्वको लक्ष्य पुऱ्याउनु पर्ने, नयां परिवर्तित व्यवस्थालाई कार्यान्वयन गर्नुपर्ने, वक्यौता अनुसार प्रगति हासिल गर्न, नन फाइलर घटाउनु पर्ने जस्ता विषयहरुमा निर्देशन दिनु भएको थियो। साथै कर कानुनको पालना नगर्ने, वक्यौता नतिर्ने र कर चुहावट गर्ने करदातासंग कठोर रुपमा पेश हुन पनि महानिर्देशक शर्माले निर्देशन दिनु भएको थियो।

महानिर्देशक श्री शर्माले आ.व. २०७१/०७२ मा उत्कृष्ट कार्य सम्पादन गरेर प्रथम, द्धितिय, तृतीय र चौथो पुरस्कार प्राप्त गर्ने सम्पूर्ण कार्यालय प्रमुख र कार्यालय परिवारप्रति धन्यवाद ज्ञापन गर्नुभयो। उहाहरुको कार्य सम्पादन अझ उत्कृष्ट बनोस् भन्नुहुँदै कार्यक्रमको उद्घाटन र समापन समारोहमा सहभागी भइदिनु भएकोमा माननीय अर्थमन्त्री

डा. रामशरण महत, अर्थसचिव श्री सुमनप्रसाद शर्मा, अर्थमन्त्रालयका सवै प्रतिनिधिहरु, समकक्षी विभागको उपस्थितिले विभागलाई अझै धेरै उत्साह मिलेको बताउनुभयो । जुन किसिमको मार्गदर्शन प्रदान भएको छ, त्यसले उत्प्रेरणा प्रदान गर्दै र कार्य सम्पादन समेत दिशा निर्देश मिलेको बताउनुभयो । त्यसका लागि माननीय अर्थमन्त्रीज्यू, श्रीमान अर्थसचिवज्यूप्रति समग्र आन्तरिक राजस्व विभाग परिवारको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्नुभयो ।

महानिर्देशक श्री शर्माले विभाग मातहतमा कार्यालयहरुले आ.व. २०७१/०७२ को कार्य सम्पादनका सन्दर्भमा व्यवस्थापन गोष्ठीको वन्द सत्रमा यति खुला रुपमा सवल पक्ष, कमजोर पक्ष र अवसर चुनौतिको विषयमा व्यापक र गहन छलफल भएको बताउनुभयो । कार्यालयले वास्तवमा राजस्व प्रशासनलाई करदातामैत्री बनाउनका लागि हामीले अपेक्षा गरे बमोजिम, मुलुकको समृद्धिको लागि, आन्तरिक स्रोत परिचालनमा, राज्यले जे अपेक्षा गरेको छ, मन्त्रालयले जे अपेक्षा गरेको छ त्यस सन्भर्दमा कही कतै विश्लेषण गर्ने कुरामा, पहिचान गर्ने कुरामा कमी नभएको बताउनुभयो ।

व्यवस्थापन गोष्ठीमा सवलता, दुर्वलता, अवसर र चुनौतिका वारेमा सघन रुपमा छलफल भएको बताउनुहुदै सुक्ष्म तहमा गएर सुधार गरिने बताउनुहुँदै आगामी वर्षका लागि गत वर्षबाट सिकेका जे जति पाठहरु छन् त्यसलाई आधार बनाएर यो वर्ष कार्यगत लक्ष्यहरु निर्धारण गरिने जानकारी दिनुभयो । व्यवसायिक कार्य योजनाको माध्यमबाट जे निर्देश प्राप्त भएको छ, त्यसलाई कार्यान्वयन गर्नको लागि समूहमा छलफल गरेर २१ बुँदे प्रतिवद्धता अर्थात् घोषणापत्र जारी भएको समेत बताउनुभयो । उहांले यो आफूले आफैलाई निर्देश गर्ने, आफूले आफूलाई नियमन गर्ने, आफूले आफैलाइ नियन्त्रण गर्ने, सही दिशा निर्देश गर्ने मार्गदर्शन र प्रतिवद्धताहरु हुन् भन्नुहुँदै प्रतिवद्धतालाई पूर्ण रुपमा कार्यान्वयन गर्नका लागि प्रतिवद्धता समेत जनाउनु भयो । साथै प्रतिवद्धताहरु पूरा गर्नका लागि अर्थ मन्त्रालयबाट सवै किसिमका नीतिगत, स्रोत साधनको सम्बन्धमा, जनशक्ति व्यवस्थापनको सम्बन्धमा, विभागको अप्ठेराहरु फुकाउने सन्दर्भमा अत्यन्त सिर्जनशील र सामयिक मार्गदर्शनको अपेक्षा रहेको उल्लेख गर्नुभयो ।

विभागलाई सुम्पिएको राजस्व संकलनको



अर्थमन्त्री डा. रामशरण महतद्वारा कार्य सम्पादनमा क्रमशः प्रथम, द्वितीय, तृतीय र चौथो पुरस्कार प्राप्त कार्यालयहरुलाई सम्मान गर्नुहुंदै

लक्ष्य मात्र होइन अन्य जिम्मेवारीहरु पूरा गर्नको लागि प्रतिवद्ध रहेको र क्रियाशील भएर लाग्ने कुरा पनि व्यक्त गर्नुभयो । अर्थमन्त्रालय राजस्व व्यवस्थापन महाशाखा, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धिकरण विभाग, राजस्व प्रशासन तालिम केन्द्रबाट जुन किसिमको राय सुझाव सल्लाह दिनु भएको छ । त्यही आधारमा आगामी कार्यदिशा अगाडि बढाउने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो । प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार पाउने कार्यालयभन्दा अरु कार्यालयले संकोच मान्नुपर्ने अवस्था छैन भन्नुहुँदै कार्य सम्पादन परिसूचकमा २२ कार्यालयहरु A+ भन्दा माथि रहेकोमा सवै कर्मचारीहरुमा हार्दिक आभार व्यक्त गर्नुभयो ।

एउटा पद्दतिका आधारमा मात्रै चार वटा कार्यालयलाई समेटिएको बताउनुहुँदै आगामी दिनमा अझै बढी सशक्त भएर कार्य सम्पादन गर्न निर्देशन दिनुभयो । आगामी दिनको कार्य सम्पादनमा समग्र कार्यालयहरु A++ आउने र सर्वोत्कृष्ट हुनेमा विश्वस्त रहेको बताउनुभयो । अर्थ मन्त्रालयसंग, समकक्षी विभागहरुसंग समन्वय गरी राखेर कार्यालयका समस्यालाई समाधान गर्ने, निजी क्षेत्रहरुसंग सहकार्य गरेर कार्यालयहरुलाई परेका समस्याहरु समाधान गर्न विभागीय प्रमुखको हिसावले प्रतिवद्ध भएको व्यहोरा महानिर्देशक श्री चुडामणि शर्माले बताउनुभयो ।

व्यवस्थापन गोष्ठीमा आन्तरिक राजस्व विभागको विगत वर्षमा गरेका कार्यहरु र आगामी वर्ष गरिने कार्यहरुको वारेमा महानिर्देशक श्री चुडामणि शर्माले प्रकाश पार्नु भएको थियो । २ दिनसम्म चलेको व्यवस्थापन गोष्ठीमा आन्तरिक राजस्व विभागले आफूले गरेका कार्य, राजस्व तथा असुलीको व्यवस्था, कार्यात्मक लक्ष्यहरुको अवस्थाको वारेमा सविस्तार प्रस्तुत गरिएको थियो । साथै विभागले लिएको नीति, कार्ययोजना, लिनुपर्ने रणनीति आदिको वारेमा जानकारी गराइएको थियो । व्यवस्थापन गोष्ठीमा देश भरीका ४९ कार्यालयहरुले आफ्नो कार्यालयको राजस्व लक्ष्य र प्रगति, कार्यात्मक लक्ष्यको अवस्था, वर्ष भरि गरिएका महत्वपूर्ण कार्य र आगामी वर्षमा गरिने कार्यहरुको वारेमा प्रस्तुती गरेका थिए । व्यवस्थापन गोष्ठीका विभिन्न कार्यालयले पेश गरेका साझा विषय संश्लेषण र विश्लेषण गरी पेश गर्नको लागि सम्पूर्ण सहभागीहरुलाई विभिन्न ४ समूह विभाजन गरी उक्त समूहको तर्फबाट समस्या र समाधानका उपाय र आगामी वर्षको लागि अवलम्बन गर्नुपर्ने रणनीतिका सम्बन्धमा पनि कार्य योजनाको ढांचामा प्रस्तुतिकरण भएको थियो ।

# करको दायरा विस्तार

विश्व अर्थतन्त्रमा आएको परिवर्तनलाई आत्मसात गर्दै मुलुकको अर्थतन्त्रलाई राष्ट्रिय हित अनुकूल बनाउने उद्देश्यले कराधारको संरक्षण गर्ने नीतिगत सुधार गर्न थालिएकोमा हालको समय सुहाउँदो जनशक्ति विकास एवं नतिजामा आधारित विशिष्टिकृत एवं व्यवसायिक र आधुनिक संगठनको रुपमा आन्तरिक राजस्व विभाग स्थापित भएको छ ।

नेपालमा कर प्रणाली शुरु भएको पांच दशक नाघिसकेको छ। आन्तरिक राजस्वको अधिकतम परिचालन गर्ने उद्देश्यका साथ एकीकृत कर प्रणाली अवलम्बन गर्ने नीति अनुरुप साविकको कर विभाग, मूल्य अभिवृद्धि कर विभागलाई एकीकरण गरी २०५८ साल वैशाख २ गते आन्तरिक राजस्व विभागको स्थापना गरिएको हो । आयकर प्रशासन गर्ने कानून विश्वव्यापी रुपमा तुलनायोग्य बनाउँदै कराधार फराकिलो दीगो बनाउने उद्देश्यले आयकर ऐन २०५८ लागू गरिएको हो । वस्तु तथा सेवामा लाग्ने बिक्री कर, होटल कर, ठेक्का कर, मनोरञ्जन करलाई प्रतिस्थापन गर्दै आधुनिक करको रुपमा वस्तु तथा सेवामा आधारित आधुनिक तथा पारदर्शी करको रुपमा मूल्य अभिवृद्धि कर लागू भएको छ। जुन २०५४ सालमा लागू भई १८ वर्ष भैसकेको छ ।

समयानुकूल कर प्रणालीमा सुधार ल्याई मुलुकमा समृद्धि र सुशासन कायम गर्ने उद्देश्यले विभिन्न नीतिगत, प्रकृयागत, संरचनागत व्यवस्थापकीय एवं व्यवहारगत सुधारका प्रयास हुँदै आएको छ। अपेक्षाकृत रुपमा मुलुकमा समृद्धि र सुशासन कायम गर्ने दिशामा अग्रसर हुँदै विश्वव्यापीकरणको बढ्दो लहरले सिर्जना गरेको प्रभावको मूल्यांकन र विश्लेषण गर्दै यसमा आउन सक्ने जटिलतालाई न्यून गरी आन्तरिक क्षमता विकास विस्तार गर्नु यस विभागको महत्वपूर्ण कार्य हो।

राष्ट्रको कर नीतिले अपेक्षा गरेका लक्ष्यहरु हासिल गर्ने, कर प्रशासनलाई स्वच्छ, दक्ष, प्रभावकारी, मितव्ययी, स्वचालित र सूचना प्रविधियुक्त बनाउँदै करदातामैत्री कर प्रशासन र गुणस्तरयुक्त सेवा प्रदान गर्ने एक आधुनिक संगठनको मात्र ध्येय यस विभागको रहेको छ।

अनुसन्धानमा आधारित कर नीतिको तर्जुमा, करदाताको आवश्यकतामा आधारित चेतनामूलक करदाता शिक्षा, सूचना प्रविधिमा आधारित करदाता सेवा, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण, स्वेच्छिक सहभागितामा आधारित कर प्रशासन, सूचनामा आधारित अनुसन्धान, जोखिममा आधारित कर परीक्षण, प्रमाणमा आधारित चुहावट नियन्त्रण, कार्यात्मक लक्षमा आधारित संगठन, न्यायिक मूल्यमा आधारित निर्णय प्रकृया जस्ता मुलभूत विषयहरुबाट आन्तरिक राजस्व विभाग निर्देशित रहँदै समता मूलक व्यवहार, करदाताको सम्मान, सदाचारिता, नविन सोच एवं मूल्य मान्यतामा आधारित रहेर यस विभागले विगतदेखि कार्य सम्पादन गर्दै आएको छ। हाल भैरहेका विद्यमान नीतिहरुमा समय सापेक्ष सुधार गर्दै जाने, करदाता सेवा, सूचना एवं संचारलाई महत्वपूर्ण सुधारको रुपमा लिने, आधुनिक प्रविधिको प्रयोगलाई व्यापक र गुणस्तर युक्त बनाउने र सांगठनिक प्रणालीको सुदृढीकरण र सक्षम जनशक्तिको परिचालन गर्ने थप उद्देश्यका साथ यस विभाग क्रियाशील रहेको छ।

देशको समग्र आर्थिक परिसूचकहरुलाई अध्ययन र बिश्लेषण गर्दा आ.ब.२०७१।०७२ मा कूल राजस्व र GDP को अनुपात करिब १८ प्रतिशत पुगेको छ भने कर राजस्वको अनुपात १७६४ प्रतिशत पुगेको छ। यस बर्ष संशोधित राजस्व लक्ष्य रु १ खर्ब ५७ अर्ब ५० करोड भएकोमा रु १ खर्ब ६० अर्ब ९ करोड असुली भई लक्ष्यको तुलनामा १०२ प्रतिशतले बढी असूली अर्थात २ अर्ब ५९ करोडले बढी असुली भएको छ जुन बिगत बर्षको तुलनामा १४ प्रतिशतको बृद्धि हो। आ.ब. २०७१।७२ को लक्ष्य तथा प्रगतिको अबस्था निम्नअनुसार भएको छ।

| Sector | Target (Rs bn) | Collection (Rs. bn) | Achievement (%) | Growth Rate (%) |
|---|---|---|---|---|
| Income Tax | 78.63 | 79.67 | 101 | 115 |
| Rental Income Tax | 4.55 | 2.66 | 58 | 112 |
| Interest Income Tax | 6.49 | 6.13 | 94 | 99 |
| Total Income Tax | 89.67 | 88.46 | 99 | 114 |
| VAT (domestic) | 38.16 | 39.56 | 104 | 115 |
| Excise (domestic) | 28.53 | 31.05 | 109 | 113 |
| Education Service Fee | 0.50 | 0.46 | 92 | 106 |
| Health Service Tax | 0.64 | 0.56 | 88 | 128 |
| Grand Total | 157.50 | 160.09 | 102 | 114 |
| Surplus in collection: Rs 2.59 bn | | | | |

- करको दायरा बिस्तार तर्फ यस बर्ष १८१३२८ करदाताहरु थप भई कूल करदाता सख्या १२९२३४५ पुगेको छ । बक्यौता असुलीतर्फ कर असुली तथा समायोजन गरी रु ११ अर्ब ६० करोड ८९ लाख बक्यौता घटाईएको छ । यस बर्ष ५८६२ करदाताको कर परीक्षण गरी ८ अर्ब ६१ करोड १० लाख निर्धारण गरिएको छ। अनुसन्धानमूलक कर परीक्षण तर्फ १५६७ करदाताको कर अनुसन्धान गरी रु २ अर्ब ५ करोड थप कर निर्धारण गरिएको छ । बेरुजु फछ्र्यौट तर्फ यस बर्ष १ अर्ब ८० करोड ५८ लाख फछ्र्यौट भएको छ। मु.अ.कर बुझाउने करदाताको सख्या ५८१९४ रहेको मध्ये डेबिट विवरण बुझाउने करदाता ९८२० केडिट विवरण बुझाउने करदाता ३३८०० र शून्यविवरण बुझाउने करदाता १४५७३ र विबरण नबुझाउने करदाता १८५७७ रहेको छ । यस बर्ष बक्यौता नतिर्ने करदातामध्ये मु.अ.कर ८७५ आयकर ७१६ र अन्त:शुल्क ५५ गरी जम्मा १६४६ करदाताको बैंक खाता रोक्का, घर जग्गा बिक्री रोक्का गरी कानुनी कारबाही अगाडि बढाएको छ। करदाता शिक्षा कार्यक्रम ११६४ बटा सम्पन्न गरिएको छ।
- यस बर्ष विभागले नयां वेब साइट तयार गरी संचालनमा ल्याएको छ। हालै Data Recovery Center सञ्चालनमा आएको छ। कम्प्युटर विलिङको कार्यबिधि तयार गरी लागू भैरहेको छ। दोहोरो कर मुक्ती संझौता DTAA को लागि मलेसिया र सिगापुरसंग पहिलो चरणको वार्ता गरिएको बंगलादेशसंग अन्तिम चरणको वार्ता सकिएको छ । कर सम्बन्धी सवै Application लाई एकै ठाउँबाट खोल्न मिल्ने गरी Integrated Tax System लागू भएको छ।
- तीन बर्षे सुधार योजना सम्पन्न भैसकेको र पांचबर्षे रणनीतिक योजना लागू भैरहेको सन्दर्भमा विभागले राखेका लक्ष्यहरुको मध्यावधि मूल्यांकन गर्दा पांचबर्षे रणनीतिक योजनाको अन्तिम बर्ष २०१६।१७ सम्म GDP र राजस्वको अनुपात १८ पुर्‍याउने लक्ष्य लिएकोमा हाल १७.६४ पुगेको छ । त्यसैगरी मु.अ.कर तर्फ ५.५८ लक्ष्य लिएकोमा ५.६४ पुगेको, आयकरको ५.४६ लक्ष्य

बांकी ११ पेजमा..

# प्रमुख कर अधिकृतहरूसँग विभागले लियो सुझाव

काठमाडौं। आन्तरिक राजस्व विभागले आफ्ना मातहतका सबै कार्यालयका प्रमुख कर अधिकृतहरुसँग साउन ३१ गते छलफल गरेको छ। साउन २८ र २९ गते ललितपुरमा आयोजित व्यवस्थापन गोष्ठीमा समूहगत रुपमा आएका सुझावहरुका सन्दर्भमा कार्यक्रम केन्द्रीत रहेको थियो ।

महानिर्देशक श्री चुडामणि शर्माले दर्ता प्रकृया नै कमजोर भएका कारण कर प्रशासनमा समस्याहरु सिर्जना भएको बताउनुभयो। कारोवार एक ठाउँमा, गोदाम अर्को ठाउँमा भेटिएकोले दर्ता प्रकृयामा नै तीन पुस्ते लिएर राख्नु पर्ने देखिएको बताउनुभयो। करदाता नभेटिने, कारोवार छल्ने, बक्यौता असुल गर्नका लागि करदाताको पहिचान गर्न नसकिने, एउटा छोडेर अर्को फर्म दर्ता गर्ने, यसले करदाताको पहिचान गर्न नसकिएकोले, परिवारका विभिन्न सदस्यका नाममा छद्मभेषी स्थायी लेखा नम्बर राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न जरुरी रहेको बताउनुभयो।

सूचना प्रविधि विज्ञ श्री लक्ष्मीप्रसाद यादवले करदाताको पहिचान गर्न जरुरी रहेको बताउनुभयो ।

उपमहानिर्देशक श्री अर्जुनप्रसाद पोखेलले कर्मचारीहरुको क्षमता अभिवृद्धिका क्षेत्रमा अझ धेरै गर्नुपर्ने बताउनुहुँदै त्यसका लागि विभाग कार्यालयहरुमा पुगेर तालिम दिन तयार रहेको जानकारी दिनुभयो ।

उपमहानिर्देशक श्री राममणि दुवाडीले अन्तशुल्क सफ्टवेयरको वारेमा प्रयोग गर्ने विषयका साथै राजमार्ग, नगरपालिका, उपमहानगर पालिकामा मदिरा बेच्ने करदाताहरुका सम्बन्धमा प्रष्ट निर्देशन दिनु भएको थियो।

उपमहानिर्देशक श्री चन्द्रकला पौडेलले गत वर्ष राजस्व संकलन लक्ष्य पूरा गरेकोमा बधाई दिनुहुंदै प्रमुख कर अधिकृतहरुबाट अत्यन्त राम्रा सुझावहरु आएको बताउनुभयो ।

कार्य सम्पादनका क्रममा आइ परेका समस्याहरु र त्यसलाई कसरी समाधान गर्ने भन्ने विषयमा सुझाव तथा समाधानको लागि कार्य योजना बनाई पेश गर्नको लागि व्यवस्थापन गोष्ठीमा उठेका तथा ६ वटा समूहबाट उठान भएका विषयहरुको समाधानका उपाय सहितको विवरण प्रस्तुत गरिएको थियो । प्रस्तुतीमा आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयको सूचना प्रविधिको माध्यमबाट हुने कामलाई अझै सहज, सरल र छिटो बनाउन जरुरी रहेको, करदातामैत्री कर प्रशासनका लागि अनुगमन प्रभावकारी जरुरी रहेको सुझाव पेश भएको थियो। कर चुक्ता प्रमाणपत्र अनलाइनबाटै दिने व्यवस्था र करदातालाई आफ्नो विवरण एसएमएसबाट दिने व्यवस्था गर्न तथा कर्मचारीलाई अझै सक्षम बनाउनका लागि सूचना प्रविधिको तालिम सवैलाई दिन जरुरी रहेको सुझाव समेत प्राप्त भएको थियो ।



विभागमा आयोजित कार्यक्रममा कर प्रशासनका कर्मचारीहरु

कर परीक्षणका सम्बन्धमा अनुसन्धानलाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा तथ्यांकलाई आधार बनाउने, वैंकसंग गरेको कारोवालाई आधार बनाउन सकिने, कार्यालय परिसरमा वैंक नभएका क्षेत्रमा वैंक खोल्न समूहगत सुझाव आएको थियो। अनिवार्य रुपमा कर परीक्षण गर्नुपर्ने करदाता तथा कार्यालयको हकमा गत आ.व.को भन्दा अघिल्ला आवको कार्यालय स्वयंले छनौट गरी विभागलाई जानकारी गराउने, पुराना बांकी करदाताको दर्ता खारेजी गर्न प्रकृया तयार गर्ने, विभागले कारोवारको सीमाको आधारमा फायल सार्ने काम गर्दा भदौ मसान्तभित्र गरिसक्ने, सो अनुसार संकलनको लक्ष्य, वेरुजु, बक्यौता सार्ने, देश छोडी गएका करदाताको वक्यौता संकलनमा कठिनाइ भएको, एउटा कार्यालयमा दाखिला गर्नुपर्ने रकम अन्य कार्यालयमा समेत दाखिला हुने अवस्थाले राजस्व संकलनमा समस्या रहेको, ATR मा आयकर बक्यौता शुन्य हुंदा पनि बक्यौता लिष्टमा करदाताको नाम रहिरहेको तथा बेरुजुको अभिलेख अद्यावधिक नभएको विषयमा आवश्यक सुधार गर्नुपर्ने विषय पनि सुझावमा आएका थिए ।

## मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरू खटाइएको छ। बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु ५०००।- (पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ। त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुप्मा विजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ।

# अर्थमन्त्री डा. रामशरण महतद्वारा आन्तरिक राजस्व कार्यालय बुटवलको नवनिर्मित भवनको उद्घाटन

अर्थमन्त्री डा. रामशरण महतले श्रावण ११ गते आन्तरिक राजस्व कार्यालय बुटवलको नवनिर्मित भवनको उद्घाटन गर्नु भएको छ। कार्यक्रममा प्रमुख अतिथि एवं अर्थमन्त्री डा. महतले आर्थिक उदारीकरणको नीति अवलम्बन संगै निजी क्षेत्रको आर्थिक कृयाकलाप बढ्दै गएकोले कर संकलनमा अभिबृद्धि भएको उल्लेख गर्नुहुँदै देशको आर्थिक सामाजिक विकासको लागि आन्तरिक श्रोत परिचालन गर्न निजी क्षेत्रको आर्थिक कृयाकलापको भूमिका महत्वपूर्ण रहेको बताउनु भयो। मन्त्री महतले देशको आर्थिक सामाजिक विकास तथा पूर्वाधार विकासका लागि आवश्यक श्रोत निजीक्षेत्रको नाफाको हिस्साबाट प्राप्त हुने भएकोले स्वदेशी विदेशी पूंजी आकर्षण तथा प्रवर्द्धन गरी निजी क्षेत्रको आर्थिक कृयाकलापको विस्तार गर्नुपर्नेमा जोड दिनुभयो । साथै लामो सशस्त्र द्वन्द तथा अस्थिरताको बाबजुद पनि देशको आर्थिक विकास अघि बढाउन निजी क्षेत्रले गरेको योगदानको प्रशंसा समेत गर्नुभएको थियो । देशमा आर्थिक रुपान्तरणसँगै आर्थिक कृयाकलाप बढ्दै जाँदा करका दायरा फराकिलो हुँदै गएको र राजस्वको योगदान बढ्दै गएको साथै हाल करप्रणालीमा गरिएको सुधारका कारण राजस्वको संरचनामा समेत परिवर्तन आएको बताउनुहुँदै राजस्वमा मु.अकर प्रमुख श्रोतको रुपमा स्थापित भएको, आयकरको योगदान बढ्दै गएको र भन्सार तेश्रो नं.मा रहेको तथ्यांक प्रस्तुत गर्नुभएको थियो। हालको करप्रणाली self Assessment तथा IT System मार्फत Automation मा गई करदाता मैत्री बन्दै गैरहेकोले ढुक्क भई आर्थिक कृयाकलाप गर्न र इमान्दारिताका साथ कर तिर्न करदातालाइ आग्रह गर्नुभयो भने कर्मचारीलाई आफ्नो कर्तव्यमा अटल भई करदातालाई थप भार नहुने गरी सेवा दिन निर्देशन दिनुभयो ।



आन्तरिक राजस्व कार्यालय बुटवलको नवनिर्मित भवनको उद्घाटन गर्नुहुँदै अर्थमन्त्री डा. रामशरण महत




आन्तरिक राजस्व कार्यालय बुटवलको नवनिर्मित भवनको उद्घाटनपछिको कार्यक्रम

साथै डा. महतले समुचित राजस्व परिचालनबाट मात्र देशको आर्थिक सामाजिक तथा पूर्वाधार विकास सम्भव रहेको कुरा उल्लेख गर्नुहुँदै बजेट निकासामा सहजीकरण गरिएकोले बजेट कार्यान्वयन प्रभावकारी बनाउन जोड दिनुभयो । डा. महतले रुपन्देहीका उद्योगी व्यवसायी करदाताहरुलाई निर्माणाधिन बुटवल बेलहिया व्यापारिक मार्ग परियोजना तथा मोतिपुर औद्योगिक कोरिडोर विकासका लागि सरकारले रकम अभाव हुन नदिने आश्वस्त पार्नुहुँदै रुपन्देही जिल्लालाई पश्चिमाञ्चल क्षेत्रकै Economic Hub का रुपमा विकास गर्ने कार्यमा सबै लागिपर्न सुझाब दिनुभयो ।

कार्यक्रमका विशिष्ट अतिथि रहनुभएका राजस्व सचिव श्री नवराज भण्डारीले सरकारले अवलम्बन गरेको आर्थिक नीति तथा कानूनको परिपालना गरी करको दायरामा आएर व्यवसाय संचालन गर्न आग्रह गर्नुहुँदै करदातालाई सेवा प्रवाह गर्दा गुनासो नआउने गरी कार्यसम्पादन गर्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा सभापति एवं आन्तरिक राजस्व विभागका महानिर्देशक चुडामणि शर्माले सम्मानित करदातालाई बधाई दिनुहुँदै बर्तमान करप्रणाली सुधार गरी करदाताहरुको आग्रह अनुसार मु.अ.करको थ्रेसहोल्ड बढाइएको, मु.अ.कर अनिवार्य दर्ता खारेज गरिएको, २० हजार रुपैया सम्मको बक्यौता लगतमा मिन्हा दिइएको साथै आर्थिक ऐनमा छुट सुविधा निरन्तरता दिइएको र कर फछ्र्यौट आयोगको समयावधि थप गरिएको, चुरोटलाई स्वयं निष्कासन प्रणाली लागू गरिएकोमा मदिरामा क्रमश: लागू गरिने जानकारी गराउनुहुँदै करप्रणालीलाई थप करदातामैत्री र e-system युक्त बनाइएकोले आर्थिक अनुशासन कायम गर्न निजी क्षेत्रको उत्तिकै महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभएको थियो । महानिर्देशक शर्माले नवनिर्मित भवन इष्टिमेट लागत भन्दा कम मूल्य

बांकी ११ पेजमा

# Disaster Recovery Center को उद्घाटन



काठमाडौं । अर्थ मन्त्रालयका सचिव (राजस्व) श्री नवराज भण्डारी र नेपालका लागि जर्मन राजदुतावासका का.मु. राजदुत ज्याक्लिन ग्रोथले नेपालको पहिलो Disaster Recovery Center को साउन ११ गते आइतवार एक कार्यक्रमका बिच संयुक्त रुपमा उद्घाटन गर्नु भएको छ । सोही कार्यक्रममा सचिव भण्डारीले तेस्रो राष्ट्रिय कर दिवस २०७१ को अवसरमा घोषित उत्कृष्ट करदाताहरुलाई सम्मान समेत गर्नुभयो । कार्यक्रममा उत्कृष्ट कर्मचारी तथा करदातालाई सम्मानित गरिएको थियो। सम्मनित करदाताहरुलाई बधाइ ज्ञापन गर्नुहुँदै सचिव भण्डारीले यस्ता कार्यक्रमहरुबाट सम्मानित करदाताहरुको कर परिपालनामा बढोत्तरी हुने र अन्य करदाताहरुलाई समेत प्रेरित गर्ने अपेक्षा गर्नु भयो । उहाँले Disaster Recovery Center (DRC) संचालनबाट आन्तरिक राजस्व विभाग तथा अन्तरगतका कार्यालयहरुको सक्षमता र प्रभावकारीता अभिवृद्धि गर्ने विश्वास समेत व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले पुरस्कृत करदाताहरुको अमूल्य योगदानको उच्चतम कदर गर्दै विगतका वर्षहरुदेखि करदाता सम्मान कार्यक्रम आयोजना गरिएको र सो सम्मान कार्यक्रमबाट राजस्व संकलन र कर कानूनको परिपालनामा समेत उल्लेखनीय वृद्धि भएकोले सम्मान कार्यक्रमलाई निरन्तरता दिइएको बताउनुभयो। महानिर्देशक शर्माले Disaster Recovery Center (DRC) संचालन भए पछि विभागले सबै करदाताहरुका तथ्यांकलाई On Time Back Up System बाट



Internet मा आधारित सबै सेवालाई बिना अवरोध संचालन गर्न सक्ने निश्चितता प्रदान गर्ने र काठमाण्डौमा भएको मुख्य Data Center प्राकृतिक प्रकोपको कारणले बन्द हुन गएमा पनि यो केन्द्रबाट Internet मा आधारित सबै सेवाहरु निर्वाध संचालन हुने बताउनु भयो।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपालका लागि जर्मन राजदुतावासका का.मु. राजदुत ज्याक्लिन ग्रोथले नेपाल सरकार र जर्मन सरकार तथा जर्मन जनताहरु बीचको सहकार्य भविष्यमा पनि जारी रहने र DRC संचालनबाट कर प्रशासनलाई प्रविधी मैत्री बन्न सहयोग पुग्ने आशा व्यक्त गर्नु भयो । कार्यक्रममा अर्थ मन्त्रालयका सहसचिव श्री लक्ष्मण अर्याल, रुपन्देहीका प्रमुख जिल्ला अधिकारी श्री विष्णुप्रसाद ढकाल, आन्तरिक राजस्व विभागका सूचना प्रविधि विज्ञ श्री लक्ष्मीप्रसाद यादव, नेपाल-जर्मन राजस्व प्रशासन सहयोग (Revenue Administration Support, RAS) परियोजनाका प्रमुख प्रविधिक सल्लाहकार एलेन क्यालिनोस्की, लगायत विभिन्न उद्योग वाणिज्य संघहरुका अध्यक्षहरु, संघ संगठनका प्रतिनिधीहरु उद्योगी व्यापारी तथा पेशा व्यवसायीहरु, कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## के हो Disaster Recovery Center

हाल आन्तरिक राजस्व विभागले करदाताहरूलाई आफ्नो लाजिम्पाटको भवनमा रहेको Data Center बाट Internet मा आधारित सेवा उपलब्ध गराउदै आएको छ। यसले करदाताहरुले पेश गरेको विवरणबाट प्राप्त सम्पूर्ण सूचना सुरक्षित भण्डारण गर्दछ र आन्तरिक राजस्व विभागका सम्पूर्ण आन्तरिक Software हरु संचालन गर्दछ । आन्तरिक राजस्व विभागका सम्पूर्ण अधिकृत र कर्मचारीहरुले आफनो दैनिक प्रशासनिक कार्यहरु यसै Data Center बाट संचालन गर्दछन् । यस्ले एकातिर कर प्रशासनमा कागजी काम धेरै न्यूनिकरण गरेको छ भने अर्को तर्फ कर प्रशासनको सक्षमता र प्रभावकारिता अभिबृद्धि गरेको छ ।

प्राकृतिक प्रकोप लगायत विविध कारणले करदाताको सूचना नष्ट हुने संभावनालाई ध्यानमा राखेर आन्तरिक राजस्व विभागले गत बर्ष (सन् २०१४) मा काठमाण्डौ भन्दा भिन्न भूकम्पीय क्षेत्र र बाढी पहिरोको जोखिम नभएको स्थानमा Disaster Recovery Center स्थापना गर्ने निर्णय गरेको थियो । यस सम्बन्धमा गरिएको संभाव्यता अध्ययनको सिफारिस अनुसार आन्तरिक राजस्व विभागले DRC स्थापना गर्ने निर्णय गरेको हो ।

स्थापित DRC उच्च स्तरको Server हरु राखिएको कोठा हो जहाँ Fire Suppressor, Water Leakage Alarm, Rodent Repelling System तथा Biometric Access Control जस्ता प्रविधिहरुले भौतिक सुरक्षाको प्रत्याभूति दिइएको छ। एकीकृत Air Condition सहितको विशेष प्रकारको Server Rack System,नेपालमा पहिलो पटक यसै DRC मा जडान गरिएको छ । यस DRC सञ्चालनका लागि पर्याप्त Power Back up को सुबिधा उपलब्ध गराइएको र यस्को संचालन, नियन्त्रण तथा अनुगमन काठमाण्डौ स्थित Data Center बाट नै गर्न सकिन्छ।

DRC स्थापना गर्ने कार्य आन्तरिक राजस्व विभाग र नेपाल-जर्मन राजस्व प्रशासन सहयोग (Revenue Administration Support, RAS) परियोजनाबाट संयुक्त रुपमा भएको हो। नेपाल-जर्मन राजस्व प्रशासन सहयोग परियोजना (RAS) नेपाल सरकारको आन्तरिक राजस्व विभागको मार्गनिर्देशनमा कार्यान्वयन भैरहेकोछ। यस परियोजनाका लागि आवश्यक प्राविधिक सहयोग जर्मन सङ्घीय आर्थिक सहयोग तथा विकास मन्त्रालयको तर्फबाट जी.आइ.जेडले उपलब्ध गराइरहेको र डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग नियोग (DANIDA) को सह- वित्तियकरण रहेको छ ।

९ पेजको बांकी...

र यथासमयमै सम्पन्न गर्ने ठेकेदार कम्पनीलाई धन्यवाद दिनुहुँदै नवनिर्मित स्थायी संरचनाबाट सेवा सञ्चालन, कार्यसम्पादन तथा अभिलेख व्यवस्थापनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको थियो। कार्यक्रममा विशिष्ट अतिथि एवं राजस्व अनुसन्धान विभागका महानिर्देशक श्री बालकृष्ण घिमिरेले व्यवसाय संचालन गरी समयमै इमान्दारिताका साथ कर तिर्न आग्रह गर्नुहुँदै आर्थिक अनुशासन पालना नगर्नेलाई आवश्यक कारबाही गरिने बताउनुभयो। कार्यक्रममा विशिष्ट अतिथि एवं रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री विष्णुप्रसाद ढकालले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो भने समग्र उद्योगी व्यवसायी करदाताको तर्फबाट बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष महेशमान सिंहले र सम्मानित करदाताको तर्फबाट न्यु होराइजन इंगलिस हाइयर सेकेण्डरी स्कुल रुपन्देही प्रा.लि.का प्राचार्य लोकनाथ उपाध्यायले मन्तव्य राख्नु भएको थियो। सोही कार्यक्रममा तेश्रो राष्ट्रिय कर दिवस २०७१ को अवसरमा आ.व. २०६९/०७० मा क्षेत्रगत रुपमा उच्चतम कर सहभागिता जनाउने करदाता मध्ये आयकर तर्फ ब्रोड बैण्ड नेपाल प्रा.लि, मू.अ.कर तर्फ नर्थ इन्जिनियरिङ कन्सल्ट प्रा.लि., शिक्षा सेवा शुल्क तर्फ न्यु होराइजन इंगलिस हाइयर सेकेण्डरी स्कुल रुपन्देही प्रा.लि., स्वास्थ्य सेवा करतर्फ लुम्बिनी मेडिकल एण्ड टेक्निकल कलेज प्रा.लि., बैंक तथा वित्तीय संस्थातर्फबाट मिसन डेभलपमेण्ट बैंक लि., गुल्मी जिल्लाबाट मृगेन्द्र सपिङ सेन्टर, नवलपरासी जिल्लाबाट किसान पाइप प्रोडक्टस् प्रा.लि.लाई सम्मान गरिएको थियो भने राजस्व प्रशासनमा रही उत्कृष्ट कार्यसम्पादन गर्नुभएका कर्मचारीहरु ना.सु श्री सीता पोखरेल लाई नगद र प्रशंसा पत्र सहित सम्मान गरिएको थियो। कार्यक्रममा अर्थमन्त्रालयका सहसचिव श्री लक्ष्मण अर्याल, आन्तरिक राजस्व विभागका सूचना प्रविधि विज्ञ श्री लक्ष्मीप्रसाद यादव, रुपन्देही, नवलपरासी, गुल्मी तथा पाल्पाका उद्योग व्यवसाय संग सम्बन्धित संघ संगठनका प्रदाधिकारी तथा प्रतिनिधिहरु, जिल्ला स्थित कार्यालयका प्रमुखहरु, सुरक्षा निकायका प्रमुखहरु, उद्योगी व्यवसायी करदाताहरु, लेखापरीक्षक, पत्रकार तथा कर्मचारी सहित करीब ३०० को उपस्थितिमा कार्यालयका प्रमुख कर अधिकृत श्री शरदचन्द्र पौडेल लगायतको उपस्थिति थियो।

---

७ पेजको बांकी...

लिएकोमा हालसम्म ४.१६ पुगेको र अन्तशुल्कमा ३.१७ लक्ष्य भएकोमा २.५२ सम्म पुगेको छ। बाँकी अवधिमा यी लक्ष्य पूरा हुनेमा विभाग विश्वस्त छ।

- बिगत बर्षमा जारी गरेको १७ बुंदे घोषणा पत्रअनुसार ७ वटा कार्य पूर्ण रुपमा सम्पन्न गरिएको, २ वटा आशिक रुपमा पुरा भएको, एक कार्य चालु अवस्थामा रहेको र अन्य कार्यहरु कार्यान्वयनमा लैजाने प्रयास भइरहेको छ।
- कर प्रशासमा सुधार गर्दै जाने क्रममा यस बर्ष रु ४० लाखभन्दा बढी आय भएका व्यक्तिले अनिबार्य रुपमा आय विवरण पेश गर्नु पर्ने ब्यबस्था गरिएको छ। करको दायरा बिस्तार गर्ने, पूंजीगत लाभ करको अनुगमनलाई प्रभाबकारी बनाउने, सूचना प्रविधिमा सुधार गर्ने, करदाता शिक्षा र सूचना प्रवाहलाई प्रभाबकारी बनाउने, दरखास्तको ढांचामा सामयिक सुधार ल्याउने, निर्देशिकाहरु तयार गर्ने, परिमार्जन गर्ने, इलेक्ट्रोनिक क्यास रजिस्टर तोकिएको करदातामा लागू गर्ने जस्ता धेरै कार्यहरु गर्नुपर्ने छ। साथै कर प्रशासनको क्षमता अभिबृद्धि गरी आन्तरिक स्रोतको परिचालनमा प्रभावकारिता ल्याउने उद्देश्य राखिएको छ।

आर्थिक र सामाजिक रुपान्तरणको लागि आन्तरिक स्रोतको परिचालन गरी देशलाई आत्मनिर्भर बनाउने दिशामा लाग्न आवश्यक देखिन्छ। आन्तरिक स्रोत परिचालनको लागि आन्तरिक राजस्व विभागले विभिन्न नीति, कार्यनीति तथा अन्य विधिको माध्यमबाट कार्य मूल्यांकन गर्दै आएको छ। आन्तरिक राजस्व विभागले आयकर, मु.अ.कर. अन्तशुल्क, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा करको प्रशासन गर्दछ। कर प्रणालीलाई विकासमैत्री, लगानीमैत्री र समसामयिक बनाउनको लागि नीतिगत र प्रशासनको सुधार गर्दै आएको छ।

आन्तरिक राजस्व विभागले विगत डेढ दशकदेखि हरेक वर्ष व्यवस्थापन गोष्ठी (Management Seminar) आयोजना गर्दै आएको छ। राजस्व प्रशासन र कर प्रणाली सम्बन्धमा भए गरेका कार्यहरुको विस्तृत रुपमा लेखा जोखा गर्ने, मूल्यांकन गर्ने, समीक्षा गर्ने र आगामी वर्षको लागि कार्य योजना बनाई अगाडि बढ्ने एउटा महत्वपूर्ण ब्यबस्थापकीय औजारको रुपमा यसलाई लिइएको छ। विगतमा शुरु गरेका कार्यहरु के कति सम्पन्न भए के कति सम्पन्न हुन सकेनन् त्यसको व्यापक रुपमा लेखा जोखा गरी आगामी वर्षको लागि कार्य योजना बनाउने र त्यसमा भएका समस्यालाई व्यापक छलफलबाट समाधानतर्फ उन्मुख रहने महत्वपूर्ण कार्य यसमा गरिन्छ।

कर प्रशासन र कर प्रणालीमा अझ पनि धेरै चुनौतिहरु छन्। GDP मा करको योगदानलाई वृद्धि गर्नुपर्ने देखिएको छ भने अनौपचारिक कारोवारलाई करको दायरा भित्र ल्याउनु पर्ने अर्को चुनौति छ। त्यसै गरी billing मा समस्या, दर्ता नभई कारोवार गर्ने, कारोवारको लेखा सही किसिमले नराख्ने, लेखाको आधारमा समयमा विवरण नबुझाउने, समयमै कर दाखिला नगर्ने, बक्यौता समयमा भुक्तानी नगर्ने जस्ता चुनौति पनि रही आएका छन्।

यी चुनौतिहरुका बीचमा आन्तरिक राजस्व विभागले व्यवस्थापन गोष्ठी गरिरहेको छ। यस गोष्ठीबाट हामीले राजस्वको चुनौतिपूर्ण लक्ष्यलाई पूरा गर्नु पर्ने प्रतिवद्धता व्यक्त गर्नुपर्ने छ। करको दायरा विस्तार गर्दै स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने हाम्रो नीति रहेको छ। कर चुहावट नियन्त्रणको लागि सूचना स्रोतहरुमा पहुँच पुर्याई अनुसन्धान गुणस्तर युक्त बनाउनु पर्नेछ। कर परीक्षणलाई समय सापेक्ष सुधार गर्दै उपयुक्त विधिबाट उचित कर निर्धारण Right Taxation गर्नुपर्ने देखिन्छ। बढ्दो non filer लाई निश्चित सीमामा ल्याउने, बेरुजु र बक्यौता फछ्यौंटलाई उच्च प्राथमिकतामा राखी कार्य सम्पादन गर्ने। संगठनात्मक संरचनामा करदाताको आधार र सेवाको आधारमा समय सापेक्ष परिवर्तन गर्नुका साथै आचरण र कार्य संस्कृतिमा समेत सुधार जरुरी देखिन्छ।

व्यवस्थापन गोष्ठीमा प्राप्त निष्कर्षहरुलाई आत्मसात गर्दै यस विभागको क्षमता अभिबृद्धि गरी नयां प्रविधिको प्रयोगबाट अग्रणी विभागको रुपमा स्थापित हुने प्रतिवद्धता जनाउदै यस ललितपुर घोषणा पत्रमा उल्लेख भएका बाचाहरुलाई पूरा गर्ने अठोट गर्दछौं।

**२०७२ साउन २८ र २९ गते ललितपुरको होटल हिमालयमा आयोजित व्यवस्थापन गोष्ठीको समापनका अवसरमा वितरित विज्ञप्ति**

# पोष्ट बजेट छलफल कार्यक्रम सम्पन्न

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघले साउन १८ गते सोमबार अर्थ मन्त्रालय र अन्तर्गतका कार्यालयहरुसँग महासंघकै भवनमा 'पोस्ट बजेट' छलफल कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा राजस्व सचिव श्री नवराज भण्डारीले व्यवसायीबाट उठेका गुनासाहरु अर्थ मन्त्रालयले गम्भीर रुपमा लिएको जानकारी दिनुभयो । राजस्व नीति बनाउने क्रममा आफूहरुले कतिपय कुरा खोजी खोजी नेपाली उद्योग व्यवसायलाई कसरी प्रवर्द्धन गर्न सकिन्छ, रोजगारीको अवसर कसरी सिर्जना गर्न सकिन्छ भनेर बजेटमा व्यवस्था गरिएको जानकारी दिनुभयो । व्यवसायीलाई केही राहत होस्, सुविधा होस्, भनेर बजेटमा सुविधा दिएको बताउनुहुँदै बजेटले अझै पनि सम्बोधन गर्न नसकेका वस्तुलाई मिलेसम्म कार्यविधिमा समेट्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । नेपाली उद्योग व्यवसायको प्रबर्द्धनका लागि सरकारले हरसम्भव प्रयास गरेको बताउनुहुँदै निजी क्षेत्रको सुझाव र सहजीकरण गर्ने विषयलाई अधिकतम प्रयास गरेको जानकारी दिनुभयो । उहाँले राहत र कर सुविधामा कुनै कमी नगरी बढोत्तरी गरेको स्पष्ट पार्नुभयो । राजस्व प्रशासनमा कुनै कमी कमजोरी भए प्रमाणसहित लिएर आए तत्काल कारवाही हुने जानकारी दिनुहुँदै आरोप प्रत्यारोपमा नउत्रन निर्देशन दिनुभयो । वस्तुगत प्रमाण विना कुनै पनि व्यवसायीको व्यवसायमा दखल पुग्ने गरी छापा मार्ने काम नगर्ने आश्वासन समेत दिनुभयो ।

अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखाका सहसचिव श्री लक्ष्मण अर्यालले महाभूकम्पका कारण राज्यलाई ठूलो मात्रामा रकमको आवश्यकता भएकोमा बजेटमा सम्बोधन गर्ने प्रयास गरिएको जानकारी दिनुभयो । ठूला प्राकृतिक प्रकोप पछि विश्वका अन्य मुलुकहरुमा करका दरहरुमा पुनरावलोकन गर्ने गरिएको भए पनि बजेटमा करको दायरामा मात्र पुनरावलोकन गरिएको जानकारी दिनुभयो । उहाँले आर्थिक वर्ष २०७२/०७३ को राजस्व परिचालनको नीति र कानुनी व्यवस्थाका मूलभूत परिवर्तन सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमा कर सम्बन्धी विवाद शीघ्र समाधान गरी कर बक्यौता व्यवस्थापन गर्न स्थायी प्रकृतिको विवाद निरुपण संयन्त्र गठन सम्बन्धमा अध्ययन गरिने जानकारी दिनुभयो । उहांले कारोवारका आधारमा करदाताहरुको वर्गीकरण तथा आर्थिक क्रियाकलापको विस्तारको आधारमा आन्तरिक राजस्व विभाग, आधुनिक, प्रविधियुक्त र अन्तर्राष्ट्रिय रुपमा तुलनायोग्य संस्थाको रुपमा विकास गर्न भन्सार विभाग, राजस्व चुहावटको खोजमूलक अनुसन्धान गर्न सक्ने गरी राजस्व अनुगन्धान विभाग र राजस्व र वित्तीय व्यवस्थापनका सवै पक्षहरुको अध्ययन अनुसन्धान गर्नका लागि तालिम केन्द्रको पुनसंरना गरिने जानकारी दिनुभयो ।



नेपाल उद्योग वाणिज्य महासंघको कार्यालयमा आयोजित पोष्ट बजेट कार्यक्रम

उहांले कार्यपत्रमा थ्रेस होल्ड भन्दा कमको कारोवार गर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताले आगामी १२ महिना भित्र ५० लाख नपुगेमा दर्ता खारेज गर्नुपर्ने तर पूर्वानुमानित कर तिर्ने वाहेकका २० लाख भन्दा माथिको कारोवार गर्ने करदाता स्वेच्छिक रुपमा मूल्य अभिवृद्धि करमा दर्ता हुन सक्ने व्यवस्था मिलाइएको जानकारी समेत दिनुभयो । चालिस वा सोभन्दा बढी सिट क्षमताका कम्तिमा पाँच वटा वसहरु सार्वजनिक यातायातमा सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी संस्थाहरु तथा कम्पनीहरुले उल्लेखित प्रयोजनको लागि पैठारी गर्ने उक्त क्षमताका तयारी वस एवं तिनका चेसिसहरुमा अन्तःशुल्क छुट दिइने तर त्यसरी पैठारी गरेका सवारी साधनहरु पैठारी गरेको मितिले दश वर्ष नपुगी बिक्री वितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्न नपाइने र दश वर्ष नपुगी नामसारी, बिक्री वा कुनै किसिमले हक हस्तान्तरण गरेमा प्रचलित कानुन बमोजिम पुरै अन्तःशुल्क लाग्ने व्यवस्था गरिएको जानकारी दिनुभयो ।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले बजेटको बुँदा नं. २४५ मा कर फछ्यौंट आयोग गठन सम्बन्धी विषयमा स्थायी प्रकृतिको विवाद समाधान समिति रहनेछ भन्ने उल्लेख भएको जानकारी दिनुभयो । मूल्य अभिवृद्धि करको थ्रेस होल्ड ५० लाख रुपैया पुऱ्याइएको जानकारी दिनुहुँदै अनिवार्य मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था खारेज गरिएको बताउनुभयो । महानिर्देशक शर्माले भूकम्पबाट पूर्ण रुपमा व्यवसाय ध्वस्त भएका पूर्व अनुमानित आय विवरण बुझाउने साना करदाताले जिल्ला दैवी प्रकोप उद्दार समितिको सिफारिससहित आय विवरण बुझाएमा आर्थिक वर्ष २०७१/०७२ मा लागेको आयकर, घर बहाल कर र अन्तःशुल्क इजाजत नविकरण दस्तुर मिन्हा हुने व्यवस्था गरिएको जानकारी दिनुभयो । साथै महानिर्देशक शर्माले सरकारले निजी क्षेत्रसग मिलेर करका विषयमा सचेतना कार्यक्रम सुरु गर्न लागेको जानकारी दिनुभयो । उहाँले महासंघ, आइक्यान, जीआइजेडसंग मिलेर ७५ वटै जिल्लामा साना करदातालाई फोकस गरेर करसम्बन्धी सचेतना कार्यक्रम सुरु गर्न लागेको समेत जानकारी दिनुभयो । उहाँले कर प्रशासनमा कुनै व्यवहारिक कमी कमजोरी भए सुधार गर्दै जाने प्रतिवद्धता

बांकी १५ पेजमा....

# आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं ३, लाजिम्पाट




## परिचय

आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. ३ को कार्यक्षेत्र काठमाडौ जिल्लाको आशिंक भाग तथा रसुवा, धादिङ र नुवाकोट जिल्लाहरुमा रहेका करदाता मध्ये वार्षिक ५ करोड रुपैया भन्दा बढीको कारोवार गर्ने करदाताहरु यस कार्यालयको कार्य क्षेत्र भित्र पर्दछन् । काठमाडौं महानगरपालिकाको मध्यक्षेत्र लाजिम्पाटमा अवस्थित यस कार्यालयको राजस्व असुलीमा उल्लेख्य योगदान रहेको छ । यस क्षेत्रमा आर्थिक गतिविधि तथा क्रियाकलापहरु क्रमशः बढ्दै गएकाले राजस्व बृद्धिको सम्भावना पनि बढदै गएको छ। नेपाल सरकार अर्थ मन्त्रालय र आन्तरिक राजस्व विभागले अख्तियार गरेको नीति र मार्गदर्शन अनुसार करदातालाई सहज र सरल तरिकाले गुणस्तरीय सेवा प्रदान गर्नमा कार्यालय क्रियाशिल रहेको छ ।

## आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. ३ को भौगोलिक कार्यक्षेत्र



## दरवन्दी तथा पदपूर्तिको अवस्था :

| पद नाम | सेवा, समूह र श्रेणी | स्विकृत | |
|---|---|---|---|
| | | स्थायी दरबन्दी | पदपूर्ती |
| प्रमुख कर प्रशासक | प्रशासन, सामान्य प्रशासन, रा.प.प्रथम | १ | १ |
| प्रमुख कर अधिकृत | प्रशासन, राजस्व, रा.प.द्वितीय | ६ | ६ |
| कर अधिकृत | प्रशासन, राजस्व, रा.प.तृतीय | १९ | १९ |
| सूचना प्रविधि अधिकृत | विविध, रा.प. तृतीय | १ | १ |
| कम्प्युटर अधिकृत | विविध, रा.प. तृतीय | २ | २ |
| शाखा अधिकृत | प्रशासन, सा.प्र., रा.प. तृतीय | १ | १ |
| लेखा अधिकृत | प्रशासन, लेखा, रा.प. तृतीय | १ | १ |
| नायब सुब्बा | प्रशासन, राजस्व, रा.प.अनं.प्रथम | ६ | ४ |
| लेखापाल | प्रशासन, लेखा, रा.प.अनं.प्रथम | १ | १ |
| डा.इ.सु | विविध, रा.प.अनं. प्रथम | १ | २ |
| टा.ना.सु | प्रशासन, रा.प. अनं. प्रथम | १ | १ |
| हलुका सवारी चालक | श्रेणी विहिन | ० | २ |
| कार्यालय सहयोगी | श्रेणी विहिन | ० | १ |
| जम्मा | | ४० | ४२ |

## घरजग्गा :

मिति २०४०।२।३ मा नेपाल सरकार, अर्थ मन्त्रालय, बागदरवारले खरिद गरेको कूल क्षेत्रफल ५-१३-२-२ भएको जग्गा तथा भवन खरिद गरेको देखिन्छ। २ तला तथा ४० कोठा भएको भवन जिर्ण अवस्थामा रहेको र महाभूकम्प २०७२ बैशाख १२ तथा २९ ले गर्दा पूर्ण रुपमा काम नलाग्ने भएको अवस्था छ। हाल कार्यालय का म न पा वडा नं २ लाजिम्पाट स्थित डाइमण्ड टावरमा रहेको छ।

## करदाताका सम्बन्धी विवरण :

यस कार्यालय अन्तर्गत आयकर तर्फ ८३१ करदाता रहेका छन् र सो मध्ये ७१४ करदाता मू.अ.कर तर्फ दर्ता रहेका छन्। आ व २०७०।७१ मा ५ करोड भन्दा बढीका केही करदाताहरु आ.व. २०७१।७२ मा विविध कारणले यस कार्यालयको कार्य क्षेत्रमा आउन सकेनन् ।

## दूरदृष्टि (Vison)

करदाता मैत्री कर प्रशासन अवधारणालाई पूर्णत: आत्मसात गरी कार्यालयको सम्पूर्ण कार्य सम्पादन पक्ष गुणात्मक तवरबाट समेत विशिष्टीकृत तुल्याउदै आन्तरिक राजस्व विभाग अन्तरगतका आन्तरिक राजस्व कार्यालयहरु मध्ये आफूलाई सर्वोत्कृष्ट कार्यालयको रुपमा स्थापित गर्ने।

## लक्ष्य (Mission)

कार्यालयको संस्थागत, भौतिक लगायतका संरचनामा सामयिक सुधार गर्दै प्रशासनिक एवं प्रक्रियागत पक्षलाई अझ प्रभावकारी बनाई कार्यालयबाट प्रदान गरिने करदाता सेवा प्रवाहलाई उत्कृष्ट बनाउने। कार्यालयले गर्ने हरेक कार्य सूचना प्रविधि मैत्री बनाउने ।

## उद्देश्य (Objective)

- राजस्व संकलनको निर्दिष्ट बार्षिक लक्ष्य तथा वार्षिक कार्यगत लक्ष्य हासिल गर्ने ।
- कार्यालयको कार्यक्षेत्र अन्तरगत केन्द्रीत एवं विकेन्द्रीत रुपमा करदाता शिक्षा एवं अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।
- सूचना प्रविधिलाई अधिकतम प्रयोग गरी Paper less Office को रुपमा विकास गर्ने।
- कर सहभागिता अभिवृद्धि गर्न कडाइका साथ कर कानुनको कार्यान्वयन गर्ने ।
- कर प्रणाली लाई स्वच्छ तटस्थ एवं

पारदर्शी बनाउने ।

**क्रियाकलापहरु (Action)**

कार्यालयको उपरोक्त उद्देश्य प्राप्तिका लागि निम्नानुसारका कार्यक्रमहरु रहेको ।

- कर प्रशासन सम्बन्धी आचार संहिता कायम गर्दै पारदर्शिता अभिबृद्धि गर्ने ।
- करदाता मैत्री व्यवहारका लागि आचरणगत सुधारको पक्षलाई प्राथमिकता दिने ।
- आवश्यक भौतिक पूर्वाधारको विकास गर्ने ।
- कार्य प्रति स्वउत्प्रेरित हुनेगरी सहज एवं सकारात्मक कार्य वातावरणको अभिबृद्धि गर्ने ।
- नियमित बजार अनुगमन गर्ने र मौज्दात परीक्षणको कार्य नियमित गर्ने ।
- कार्यमा गुणस्तरीयताको लागि Continuous Learning संचालन गर्ने ।
- Quality Circle मा नियमित नयां मुद्दाहरु राखी कार्यमा एकरुपता कायम गर्ने ।
- करदाता शिक्षा तथा करदाता उत्प्रेरणा एवं अन्तरक्रिया कार्यक्रमहरु नियमित संचालन गर्ने ।
- कार्यसम्पादन परिसूचकहरु अनुरुप लक्ष्य हासिल हुने गरी कार्यसम्पादन गर्ने ।
- नियमित अनुगमन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने ।
- लामो समयसम्म कर बक्यौता राख्ने करदाताको विवरण अद्यावधिक गर्दै कानुनी कारवाही लगायतका कामकारवाही गरी कर बक्यौता असुली गर्ने ।
- वेरुजु सम्परीक्षण एवं फछ्र्यौटको कार्यलाई प्रभावकारीरुपमा निरन्तरता दिने ।
- कार्य प्रति जिम्मेवारी एवं उत्तरदायित्व वहन हुने प्रणालीको विकास गर्ने ।
- कर अनुसन्धान तथा कर परीक्षण एवं कर फिर्ता प्रक्रियाको गुणात्मकता समेत अभिबृद्धि गर्दै कार्यालयको कार्यलाई अझ विशिष्टिकृत बनाउने ।
- सूचना प्रविधिमा आधारित सेवा प्रवाहको विस्तार गर्ने र आन्तरिक अभिलेख व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग गर्ने ।
- सूचना प्रविधिको उपयोग गर्दै निश्चित सूचना SMS तथा Email बाट प्रदान गर्ने । (जस्तो वेरुजु, बक्यौता, नन्फाईलर आदी)
- करदाता मैत्री प्रशासनको अवधारणालाई पूर्णतः आत्मसात गरी कार्यालयको सम्पूर्ण कार्य सम्पादन पक्ष गुणात्मक तवरबाट समेत विशिष्टीकृत तुल्याउदै आन्तरिक राजस्व विभाग अन्तरगतका आन्तरिक राजस्व कार्यालयहरु मध्ये आफूलाई सर्वात्कृष्ट कार्यालयको रुपमा स्थापित गर्ने ।

**२. कार्यालयको प्रगति समीक्षा :**

बार्षिक बजेट तथा कार्यक्रम

बार्षिक बजेट तथा कार्यक्रम आर्थिक वर्ष २०७१/०७२ मा यस कार्यालयको लागि चालु तर्फ रु. ४८८ लाख र पूजीगततर्फ रु. १६१ लाख बजेट विनियोजन भएकोमा २०७२ असारसम्म चालु र पूजीगत खर्चमा क्रमशः ८२ प्रतिशत र ७० प्रतिशत खर्च भएको छ ।

**अभिलेख व्यवस्था:**

करदाताको दर्ता भए देखिका सम्पूर्ण विवरण रहेको फाइललाई कम्प्युटर सफ्टवेयर मार्फत सवै फाइलहरु खोजेको वखत तुरुन्तै फेला पार्न सकिने गरी व्यवस्थित गरिएकोमा भूकम्पका कारण फाइल ऱ्याक ढलेर फाइलहरु यत्रतत्र भएको अवस्था छ । दर्ता चलानीलाई कम्युटरबाट गर्ने गरिएको छ जसबाट दर्ता चलानी व्यवस्थित तथा Paper less को अवधारणा सार्थक हुने देखिन्छ ।

**लक्ष्य र प्रगति:**

यस कार्यालय अन्तर्गतका करदाताहरुले श्रावण र भाद्र महिनाको बुझाउनु पर्ने राजस्व रकम करदाता सेवा कार्यालयमा नै दाखिला गरेको र माघ सम्म पनि अधिकांश करदाताले दाखिला गर्नुपर्ने राजस्व रकम करदाता सेवा कार्यालयहरुमा दाखिला गरेकोले राजस्व संकलनमा समस्या आइपरेको थियो । र ाजस्वको शिर्षकगत विवरण देहाय अनुसार रहेको छ ।

| राजस्व शीर्षक | बार्षिक लक्ष्य |
|---|---|
| आयकर | ८६,९८,६४ |
| घरबहाल कर | १०,७२,९३ |
| ब्याज कर | ४,८१,९३ |
| मु.अ.कर | १,१२,९२,१२ |
| अन्तःशुल्क | ० |
| स्वास्थ्य सेवा कर | १,८०,१२ |
| शिक्षा सेवा शुल्क | ३५,६९ |
| जम्मा | २,१७,६१,१३ |

**वार्षिक कार्ययोजना कार्यान्वयनको समीक्षा :**

यस कार्यालयले बर्ष भरिमा सम्पादन गर्ने राजस्व असूली तथा कार्यगत लक्ष्यहरुलाई पुरा गर्ने उद्देश्यका साथ आर्थिक वर्षको शुरुमै वार्षिक र मासिक कार्य योजना बनाई सोही अनुसार कार्यान्वयन गरेको थियो। सो को प्रतिफल स्वरुप कार्यालयलाई तोकिएको राजस्व असूली लगायत अधिकांश कार्यगत लक्ष्यहरु परिपूर्ति भएका छन् र आ व २०७१।७२ को समग्र ग्रेडिङमा कार्यालय A++ को अवस्थामा रहेको छ ।

**सम्पादन गरिएका उल्लेख्य कार्य**

- महाभुकम्प पछि पनि तत्काल नयां स्थानमा कार्यालय सुचारु गरी राजस्व असूली, कार्यगत लक्ष्य प्राप्ति तथा करदातालाई उपलव्ध गराउने सेवामा सक्रिय भएको,
- दर्ता चलानीमा कम्प्युटर अनलाइन प्रणालीको प्रयोग,
- कर अधिकृतको तह सम्म कार्यगत लक्ष्य तोकी जिम्मेवार बनाइएको,
- करदाताको गुनासो सुनुवाई साप्ताहिक रुपमा गरिने प्रणालीको विकास गरिएको,
- आ.ब. २०७१।०७२ का लागि कार्यालयलाई तोकिएका राजस्व असुली, लगायत कार्यगत लक्ष्यहरु अधिकांश पूरा गर्न सफल भएको,
- आकस्मिक रुपमा मासिक बजार अनुगमन गरी बिल बिजक लिने दिने व्यवहारमा सुधार गराइएको,
- यस कार्यालय अन्तर्गत दर्ता रहेका सबै ग्यांस उद्योगको कारोबारको अनुगमन गरिएको ।
- बेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकतामा राखी कुल लक्ष्यको ७५ प्रतिशत भन्दा बढी बेरुजु फछ्र्यौट गरिएको,
- आयकरको मुख्य आधार TDS हुने हुंदा यसतर्फ विशेष ध्यान दिंदै कलेज, गैरसरकारी संस्था आदिको TDS Audit सम्बन्धी कार्ययोजना तयार गरी Audit गरिएको ।
- कार्यालयको कार्यक्षेत्र भित्र नपर्ने तर यस कार्यालय अन्तर्गत Log- On रहेका करिव ५०० करदाताको अन्यत्र कार्यालयमा सारिएको ।
- करदाताहरुलाई Mobile SMS मार्फत कर दाखिला गर्न तथा विवरण बुझाउन अनुरोध गर्न शुरु गरिएको ।
- नन्फाइलर उल्लेख्य रुपमा घटाई निश्चित सिमा भित्र राखिएको ।
- करदाताको अवस्थाको विश्लेषण गरी Functional Indicator संग आवद्ध गरी कार्यसम्पादन गर्ने गरिएको ।
- लगातार Credit हुने करदाताको सूची

तयार गरी Current Year Audit गर्ने गरिएको ।

- बक्यौता असूलीलाई प्रभावकारी बनाई कानूनी कारवाहीका प्रक्रियाहरु अगाडि बढाई बक्यौताको ठूलो रकम फरफारक गरिएको ।

**कार्यसम्पादनको क्रममा आइपरेका समस्याहरु**

- २०७२ साल वैशाख १२ र २९ गते आएको विनाशकारी भूकम्पका कारण कार्यालयको भवन बस्नै नमिल्ने गरी क्षति भएकोले कार्यालय हाल लाजिम्पाट स्थित डाइमण्ड टावरमा रहेको छ । जसबाट कार्य सम्पादनमा केही समस्या आएको ।
- स्थायी लेखा नं. र ठेगाना उल्लेख नभएका व्यक्तिको नाम मात्र भएका करदाताको बक्यौता असुलीमा समस्या भएको ।
- कार्यालयमा भएको करदाताको कारोबारको ठेगाना र हालको कारोबार स्थल फरक देखिने गरेको ।
- प्यान नं. र ठेगाना नभएका बक्यौताको रकम ठूलो भएको ।
- रु. ५ करोड भन्दा बढी कारोबार गर्ने करदाता अझै यस कार्यालयको कार्य क्षेत्रमा नआएको ।
- कार्य थप भए अनुसार संगठन संरचना प्रष्ट नभएको ।
- आय विवरण प्रविष्टिमा देखिएको साना तिना गल्तिका कारण पनि ठूलो रकम Missmatch का रुपमा देखिएकोले सो कम गर्न Computer System मा Control Mechanism बनाइ समाधान गर्न आ.रा.बि. बाट पहल गर्नु पर्ने ।

**समस्या समाधानका लागि गरिएका प्रयास एवं अन्य नविनतम कार्य**

- KYT फाराम मार्फत अधिकांश करदाताको अभिलेख अद्यावधिक गरिएको ।
- रु.५ करोड भन्दा माथिका करदाताको लिष्ट बनाई यस कार्यालयमा Log On गरि दिन आ.रा.वि. लाई अनुरोध गरिएको ।
- साविकको पुरानो भवन भत्काई नयां भवन बनाउन भवन विभागसंग समन्वय गरी विविध परीक्षण तथा नक्सांकनको कार्य सम्पन्न गरिएको ।
- शहरी विकास तथा भवन निर्माण विभागबाट भवनमा रातो स्टिकर टांस भएको र पुरानो भवनमा रहेको कार्यालयको कागजपत्र तथा जिन्सी सामानहरु सार्न आवश्यक पत्राचार भएको छ ।

**आगामी दिनमा गर्नुपर्ने सुधार र गरिने कार्य :**

चालु आ.व.को राजस्व संकलन तथा कार्यगत लक्ष्यहरु हासिल गर्न तथा सक्षम कर प्रशासनको उपस्थितिलाई सुनिश्चित गर्नको लागि कार्यालयको आगामी कार्यदिशा निम्नानुसार रहेको छ :

- पारदर्शी, जिम्मेवार, करदातामैत्री एवं उत्तरदायी कार्यालयको रुपमा स्थापित हुने,
- करदाता शिक्षाको माध्यमवाट कर प्रशासनप्रति आम नागरिकको सकारात्मक सोच प्रवर्द्धन गर्ने,
- राजस्व जोखिम, व्यवसायको प्रकृति समेतका आधारमा छनौट गरी कर परीक्षण गर्ने,
- कर परीक्षण र कर अनुसन्धानमा गुणात्मक सुधार ल्याउन अधिकतम प्रयास गर्ने,
- वजार अनुगमनवाट सूचना संकलन तथा विश्लेषण गरी सूचनामा आधारित अनुसन्धान प्रकृयाको अवलम्वन गर्ने ।
- आयकर र मू.अ.कर बक्यौता असुली कार्यलाई प्रभावकारी बनाइने,
- वेरुजु र वक्यौता रहित कार्यालयको रुपमा स्थापित गर्न अधिकतम पहल गर्ने ।
- आर्थिक विद्येयक २०७२ ले गरेका व्यवस्थाको कार्यान्वयनमा जोड दिइने ।

**अन्य निकायहरुसंगको अपेक्षा**

यस कार्यालयले उद्योग वाणिज्य संघ, प्रशासन, प्रहरी प्रशासन, भन्सार, राजस्व अनुसन्धान लगायत सम्वन्धित निकायहरुसंग आवश्यक समन्वय गरी कार्य सम्पादन गर्दै आएको छ । आन्तरिक राजस्व कार्यालयहरु सूचना प्रविधि मैत्री कार्यालयको रुपमा विकास भई रहेको सन्दर्भमा लागू रहेका प्रणालीमा समयानुकूल सुधारको अपेक्षा गरिएको छ। हालै आएको विनाशकारी भूकम्पका कारण कार्यालय भवनमा क्षति भएकोले सो स्थानमा भूकम्प प्रतिरोधी नयां कार्यालय भवन निर्माणका लागि अर्थ मन्त्रालय र आन्तरिक राजस्व विभागबाट सहयोगको अपेक्षा गरिएको छ।

**अन्त्यमा**

कार्यालयबाट प्रवाह गर्ने सेवालाई करदातामैत्री बनाउदै थप सरल, सहज र प्रभावकारी बनाउन विभिन्न क्षेत्रमा सुधार गर्न थप प्रयासहरु गर्नुपर्ने देखिन्छ । विशेषगरी कर प्रणालीलाई थप सरल र सहज बनाउन कार्यालय निरन्तर क्रियाशील रहनेछ। प्रविधि प्रयोगलाई विस्तार गरी प्रभावकारी बनाउन आन्तरिक राजस्व विभागसंग समन्वय गरी करदाता तथा कार्यालयका कर्मचारीलाई थप तालीम दिइ कर प्रशासनलाई चुस्त बनाउनुपर्ने अवस्था रहेको छ। विभागले गरेको मुल्यांकनमा यस कार्यालयले हासिल गरेको स्थानलाई थप सुधार गरी प्रगति हासिल गर्न कार्यालयले बार्षिक कार्ययोजना तयार गरी रणनितिक रुपमा क्रियाशील रहने छ। कार्यालयको आन्तरिक व्यवस्थापनलाई चुस्त दुरुस्त बनाई हरेक कार्यलाई प्रविधि मैत्री बनाइने छ । फाइलिङ व्यवस्थापन तथा दर्ता चलानीलाई क्रमश प्रविधिमा Link गरिने छ।

१२ पेजको बांकी...

समेत व्यक्त गर्नुभयो ।

भन्सार विभागका महानिर्देशक श्री शिशिरकुमार ढुंगानाले भन्सारमा गरिएका परिवर्तनहरुले नेपाली उद्योग र व्यवसायको प्रतिस्पर्धात्मक क्षमतालाई बढाई व्यवसायिको हितमा ल्याउन प्रयास गरेको बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि दिनेश श्रेष्ठले व्यवसायीलाई जिम्मेवार हुन आग्रह गर्नुभयो । आफूहरुले सरकारलाई विश्वास गरेको बताउनुहुँदै पारदर्शी भएर कार्य गर्न आग्रह गर्नुभयो ।

नेपालगञ्ज उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री कृष्ण श्रेष्ठले कारोवारमा थ्रेस होल्डको रकम बढाएकोमा स्वागत गर्नुहुँदै खुल्ला सीमानाका कारण चोरी पैठारी नियन्त्रणमा जोड दिन ध्यानाकर्षण गराउनुभयो ।

व्यवसायीले अन्तर मन्त्रालय समन्वय नहुदा निजी क्षेत्रले अनेक झन्झट बेहोर्नु परेको बताउँदै भारतमा झण्डै ५० लाख नेपाली कार्यरत रहेको र उनीहरुबाट प्राप्त हुने रेमिट्यान्स तथा भारतबाट स्थलमार्ग हुँदै आउने पर्यटकको नेपाल बसाइ बढाउन सीमावर्ती सहरहरुमा मनोरन्जनका व्यवसायहरु सञ्चालन गर्न प्रोत्साहन गर्न आग्रह गरेका थिए ।

नेपाल उद्योग वाणिज्य महासंघकी वरिष्ठ उपाध्यक्ष श्री भवानी राणाले कर प्रणालीमा भएका सुधारहरु जिल्ला जिल्लामा विस्तार गरी सहकार्य गरेर अघि बढ्न जरुरी रहेको जानकारी दिनुभयो ।

महासंघका अध्यक्ष श्री पशुपति मुरारकाले बजेट निजी क्षेत्रमैत्री भएको, अधिकांश प्रावधानहरु सकारात्मक रहेको बताउनुहुँदै कार्यान्वयनमा जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरु श्री अर्जुनप्रसाद पोखेल, श्री चन्द्रकला पौडेल, राजस्व अनुसन्धान विभागका महानिर्देशक श्री बालकृष्ण घिमिरे, सम्पत्ति शुद्धिकरण विभागका उपमहानिर्देशक श्री गणेशप्रसाद पाण्डे र आन्तरिक राजस्व विभागका निर्देशक श्री गोपालप्रसाद घिमिरे लगायत उद्योगी व्यवसायीहरुको उपस्थिति रहेको थियो ।

# करदाता सेवा कार्यालय, टंगाल




## परिचयः


आर्थिक कियाकलापको वृद्धि र विकाससंगसंगै व्यावसाय गर्ने व्यवसायी, पेशाकर्मी तथा उद्योगीहरुको संख्यामा पनि तिव्र वृद्धि भइरहेको अवस्थालाई मध्यनजर गर्दै आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयहरुको संगठनात्मक संरचनालाई समयानुकूल परिवर्तन र विस्तार गरी राजस्व प्रशासनलाई सक्षम, सुदृढ र प्रभावकारी बनाई करदाता मैत्री कर प्रशासनको विकास गरी राजस्व संकलनमा अपेक्षित वृद्धि गर्ने उद्देश्यले काठमाडौं उपत्यका तथा देशका विभिन्न स्थानमा करदाता सेवा कार्यालयको स्थापना गर्न सरकारले ल्याएको नीति अनुरुप यस करदाता सेवा कार्यालय टंगालको २०६८ साल असार २६ गते स्थापना भएको हो।

करदाता सेवा कार्यालय, टंगाल काठमाडौं महानगरपालिकाको वडा नं.२ लाजिम्पाट मूल सडकको पूर्व तर्फ स्थित दास टावरको पांचौ तल्लामा अवस्थित रहेको छ। त्यहींबाट आफ्नो कार्यक्षेत्र अन्तर्गतका सम्पूर्ण करदाताहरुलाई सेवा प्रदान गर्दै आफ्नो दैनिक कार्य सञ्चालन गरी रहेको छ। यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत का.म.न.पा को वडा नम्बर २, ४ र ५ पर्दछन्। कार्यालयको स्थापना देखिनै आफ्नो भवन नरेहेकोले दैनिक कार्य संचालनको लागि दास टावरको पांचौ तल्लालाई भाडामा लिई कार्यसंचालन गर्दै आईरहेको छ। साथै हाल आएर आ.व. २०७१/०७२ देखि रु पांच करोड सम्मको कारोबार गर्ने करदाताहरुको कर सम्बन्धी सम्पूर्ण प्रशासन यस कार्यालय मार्फत हुँदै आईरहेको छ। यस कार्यालयको दैनिक कार्यसंचालनको लागि प्रमुख कर अधिकृत, कर अधिकृत, शाखा अधिकृत, कम्प्युटर अधिकृत, नायब सुब्बा, लेखापाल सहितको स्वीकृत दरबन्दी १९ रहेको तथा करार तर्फ डा.ई.सु., स.डा.ई.सु., ह.स.चा., का.स., समेत १० गरी जम्मा २९ जना रहेको छ। कर अधिकृतको ८ स्वीकृत दरबन्दी मध्ये १ जना कर अधिकृतको पदपूर्ति हुन नसकेको जसको लागि आ.रा.वि. संग माग गरिएको, नायब सुब्बाको ७ स्वीकृत दरबन्दी मध्ये २ जनाको पदपूर्ति भएको र बांकी ५ जनाको हालसम्म पदपूर्ति हुन नसकेकोले पदपूर्तिको लागि लोक सेवा आयोगमा माग आकृति फाराम भरी पठाईएको छ। हाल फाजिलमा कम्प्युटर अपरेटर १, काजमा कम्प्युटर अपरेटर १ र फाजिलमा कार्यालय सहयोगी २ गरी जम्मा २७ जना कर्मचारी कार्यरत रहेका छन्।

आ.व.२०७१/०७२ को असार मसान्त सम्मको कार्यालयको तथ्याङ्का आधारमा यस कार्यालयले कूल २२,५७७ करदाताहरुको प्रशासन गर्दछ। जसमध्ये व्यावसायिक प्यान भएका करदाताहको संख्या ९,३२१ व्यक्तिगत प्यान (पारिश्रमिक कर, घरबहाल कर र अन्य आर्थिक लाभ तथा आयमा कर दाखिला गर्ने दायित्व) भएका करदाताको संख्या १०,२१३ र मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको संख्या ३,०३१ रहेको छ। यस कार्यालय अन्तर्गत मू.अ.कर विवरण र आय विवरण पेश गर्ने करदाताहरुले आफ्नो कारोबारको मू.अ.कर र आय विवरण Online विवरण भरी पेश गर्दै आईरहेका छन्। साथै समय समयमा करदाताहरुलाई Online system तथा कर कानुनका सम्बन्धमा अभ्यस्त पार्न करदाताहरुलाई e-system तथा अन्य कर कानुनको सम्बन्धमा करदाता शिक्षा कार्यक्रम मार्फत् आवश्यकता बमोजिमको शिक्षा दिँदै आई रहेको छ।

## कार्यप्रवाह तालिका

यस कार्यालयबाट सम्पादन गरिने करदाता सेवा शाखा, संकलन शाखा र कर परीक्षण तथा अनुसन्धान शाखाका कार्यहरु सरल र प्रभावकारी ढंगबाट संचालन गर्न र करदातालाई



छिटो छरितो गुणस्तरीय सेवा प्रदान गर्नको लागि कार्यालयका प्रत्येक अधिकृत तथा कर्मचारीहरुलाई कार्य जिम्मेवारी तोकिएको र सोही बमोजिम कार्यसंचालन गरिदैं आएको छ। कार्यालयबाट प्रदान गरिने कार्यप्रवाहलाई देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ।

## बजेट तथा कार्यक्रम

यस कार्यालयको आ.व. २०७१/०७२ को लागि चालू ब.उ.शि.नं ३०५०२१३ तर्फ रु. १,७४,८१,७२१.० र पूंजीगत ब.उ.शि.नं. ३०५०२१४ तर्फ रु. ६,००,०००.० समेत गरी जम्मा रु. १,८०,८१७२१.० बजेट विनियोजन भएको थियो । सो विनियोजित बजेट मध्ये आ.व. २०७१/०७२ को असार मसान्त सम्ममा चालुतर्फ रु. १,४५,८५,८९९.० अर्थात् ८३.४० प्रतिशत खर्च भएको छ भने पूंजीगत तर्फ रु. ५,७२,६६३.० लाख अर्थात ९५.४० प्रतिशत खर्च भएको छ। यसै विनियोजित बजेटको परिधिभित्र रहेर यस कार्यालयको आ.व.२०७१/०७२ को विभिन्न गतिविधि एंव कार्यक्रमहरु संचालन गरेको। त्यसैगरी चालू आ.व. २०७२/०७३ को लागी चालू ब.उ.शि.नं. ३०५०२१३ तर्फ रु. १,५०,५०,०००.० र पूंजीगत ब.उ.शि.नं. ३०५०२१४ तर्फ रु. २,००,०००.० समेत गरी जम्मा रु. १,५२,५०,०००.० बजेट विनियोजन भएको छ।

## अभिलेख व्यवस्थापन

करदाता सेवा कार्यालय टंगालमा दर्ता भएका करदाताहरुको फाईलहरुलाई चाहेको बेलामा तुरुन्त निकाल्न सकिने गरी कम्प्युटर प्रणालीमा (Computer system) मा प्रविष्टी गरी पारदर्शी तथा प्रभावकारी तरिकाबाट व्यवस्थित गरी राखिएको छ। साथै यस कार्यालयको वार्षिक कार्य परिसूचकहरुको आधारमा सम्पादन गरिएको कार्यहरुको अभिलेख समेत परिसूचकको आधारमा व्यवस्थित गरी राखिएको छ।

## लक्ष्य र प्रगति

राजस्व संकलनको लक्ष्य असुली तर्फ विश्लेषण गर्दा यस कार्यालयको आ.व. २०७१/०७२ को लागी राजस्व संकलनको वार्षिक लक्ष्य रु. एक अर्व ६३ करोड ६३ लाख ३२ हजार तेकिएको थियो। जसमा आ.व. २०७१/०७२ को आसार मसान्त सम्ममा रु. १ अर्व ४९ करोड २६ लाख ९१ हजार संकलन भई लक्ष्यको तुलनामा ९१.२२ प्रतिशत प्रगति भएको छ।

जसको शिर्षकगत विवरण देहाय अनुसार रहेको छ।

| राजस्व शिर्षक | वार्षिक लक्ष्य (आसार महिना सम्मको लक्ष्य) ( रु.हजारमा) | असार महिना सम्मको प्रगति ( रु.हजारमा) | प्रगति प्रतिशत |
|---|---|---|---|
| आयकर | १०५०२९९ | १०२६८८५ | ९७.७७ |
| घरबहाल कर | १४९५१८ | ८५९३५ | ५७.४७ |
| ब्याज कर | २२२७३ | २५८७० | ११६.१५ |
| मू.अ.कर | ३७३१०९ | ३१६३६६ | ८४.७९ |
| अन्त:शुल्क | ६१२० | ५२२० | ८५.३० |
| स्वास्थ्य सेवा कर | २९४९० | २६३९० | ८९.४९ |
| शिक्षा सेवा कर | ५५२३ | ६०२४ | १०९.०७ |
| जम्मा | १६३६३३२ | १४९२६९१ | ९१.२२ |

२०७२ बैशाख १२ मा गएको महाभूकम्प र त्यसपछि पटक/पटक गरी गएको पराकम्पनहरुको कारण व्यापार व्यवसायमा आएको आर्थिक गतिविधिको कमी तथा यस कार्यालयलाई तोकिएको लक्ष्य अधिक भएको कारण गत आ.व.मा लक्ष्य अनुरुप राजस्व संकलन हुन नसकेको अवस्था रहयो ।

## कार्यात्मक लक्ष्य प्राप्तिको अवस्था

आ.व. २०७१/०७२ मा कार्यालयलाई प्राप्त वार्षिक कार्यात्मक लक्ष्यको तुलनामा देहाय बमोजिम प्रगति हासिल भएको छ ।

| सि.नं. | कार्य विवरण | प्रगति प्रतिशत |
|---|---|---|
| १. | कर परिक्षण तथा अनुसन्धान शाखा | ९४.२ |
| २. | कर संकलन शाखा | ८५.०९ |
| ३. | करदाता सेवा शाखा | ९२.७२ |
| ४. | कार्यालयको लक्ष्य अनुसारको समग्र कार्य सम्पादन | ९०.५७ |

## सम्पादन गरिएका मुख्य कार्यहरु

- करदाता शिक्षाको मध्यमबाट स्वत कर सहभागिता बढाउने प्रयास गरिएको । साथै करदाताहरुको जिज्ञासाहरुलाई समेटी करदाता अन्तरर्क्रिया कार्यक्रमबाट करदाताहरुलाई कर कानुनहरुको जानकारी गराईएको ।
- करदाताले खोजेको कर सम्बन्धी विषय र कार्यक्षेत्र भित्र रोजेको स्थानमा करदाता शिक्षा कार्यक्रम संचालन गरिएको ।
- आ.व. २०७०/०७१ मा यस कार्यालयमा बेरुजु नरहेको । आ.व. २०७१/०७२ मा बेरुजु फछ्र्यौट लक्ष्यको तुलनामा १११ प्रतिशत प्रगति हासिल भएको छ ।
- शत प्रतिशत करदाताको विद्युतीय माध्यमबाट विवरण पेश भएको ।

## कार्यालयको कार्य संचालनका समस्याहरु र समाधानका उपायहरु

| समस्याहरु | समाधानका उपायहरु |
|---|---|
| करदाता सेवा सम्बन्धी: | |
| – Functional Targets incremental basis मा निर्धारण गरिनु | - कार्यालयको कार्यक्षेत्र र सम्भाव्यताको यथार्थपरक विश्लेषण गरि Functional Targets निर्धारण हुनुपर्ने । |
| कर संकलन सम्बन्धी | |
| - राजस्वको लक्ष्य यथार्थपरक नहुनु | - वस्तुपरक विश्लेषणको आधारमा कार्यालयको राजस्व लक्ष्य निधारण गरिनुपर्ने । |
| - बेरुजु फछ्र्यौट गरी म.ल.प.को कार्यालयमा सम्परीक्षणको लागी सतप्रतिशत बेरुजु लेखी पठाउने लक्ष्य अव्यवहारिक भएको । | - कूल बेरुजुको ८० प्रतिशत मात्र सम्परीक्षणको लागि लेखी पठाउने गरी लक्ष्य निर्धारण हुनुपर्ने । |
| - धेरै पुरानो बेरुजु भएको करदाता समपर्कमा नआउने । | - पटक पटक सम्पर्क तथा पत्राचार गर्दा सम्पर्कमा नआई बेरुजु फछ्र्यौटमा अग्रसर नहुने करदातालाई जरिवाना तथा बैंक खाता रोक्का गर्ने सम्मको कानुनी व्यवस्था हुनुपर्ने । |
| **करपरीक्षण तथा अनुसन्धान सम्बन्धी** | |
| - कारोबार भिडानको लागि कार्यालयहरुले गर्ने पत्राचारमा न्यून response हुने । | - कारोबार भिडानको लागि लेखी आएमा सम्बन्धित कार्यालयले प्राथमिकताका साथ response गर्ने । |
| - Audit तथा अनुसन्धानको कममा आईपर्ने कतिपय Confusion सम्बन्धमा विभागले आवश्यक व्याख्या र परिपत्र समयमै गर्न नसक्नु । | - Confusion निवारणको लागि विभागले आवश्यक व्याख्या र परिपत्र समयमै जारी गर्ने । |
| - Audit तथा Investigation को Quality अपेक्षित स्तरको हुन नसक्नु । | - कर्मचारीको क्षमता वृद्धिका लागि समय समयमा तालिमको व्यवस्था हुनुपर्ने । |
| **अन्य समस्याहरू** | |
| - कार्यालयको आफ्नो भवन नभएको । | - कार्यालयको आफ्नो भवन निर्माण गर्न जग्गा खरिदको लागि बजेटको व्यवस्था हुनुपर्ने । |
| - दरबन्दी अनुसार पदपुर्ति नभएको । | - दरबन्दी बमोजिम कर्मचारी पदपूर्ति हुनुपर्ने । |

## आगामी दिनमा गर्नुपर्ने सुधार

राजस्व संकलनको थप सम्भाव्यता विश्लेषण गरी कार्ययोजना बमोजिमको लक्ष्य अनुरुप राजस्व संकलन गर्ने । बक्यौता संकलनमा थप जोडदिई अटेर गर्ने करदातालाई कानूनी कारवाही गरेर बक्यौता संकलन गर्ने । बेरुजु न्युनीकरणमा जोड दिने । बजार तथा करदाताको कारोबार स्थल अनुगमनलाई निरन्तरता दिने। Non Filer को संख्या घटाउनको लागि लेखा परीक्षक, कर सहयोगीहरु तथा व्यवसायसंग सम्बन्धित व्यक्तिहरुसंग समन्वय गर्ने। घरबहाल करको दायरा विस्तारमा जोडदिने। करपरीक्षण तथा अनुसन्धानलाई थप प्रभावकारी बनाउनको लागि कर परीक्षण तथा अनुसन्धान सम्बन्धी वार्षिक कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरी तोकिएको लक्ष्य हासिल गर्ने।

## अन्य निकायहरूसंगको अपेक्षा:

### (क) विभागसंग

- दरबन्दी अनुसारको पदपुर्ति ।
- कार्यालयको आफ्नो भवन निर्माणको लागि आवश्यक जग्गा खरिदको लागि बजेट व्यवस्था ।
- कार्यालयलाई यथार्थपरक राजस्व लक्ष्य निर्धारण।
- कार्यालयको प्रशासनिक खर्चका लागि आवश्यक न्यूनतम बजेटको प्रत्याभूति ।

### (ख) महानगरपालिका, घरेलु उधोग कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय आदी संग

- व्यवसाय दर्ता गरी यस कार्यालयलाई जानकारी दिने (यस कार्यालयको कार्यक्षेत्र भित्र पर्ने करदाताको हकमा )।
- व्यवसायको लगत कट्टा गर्नुपूर्व सम्बन्धित कर कार्यालयको Clearance माग गर्ने।

### (ग) उद्योग वाणिज्य संघ तथा वस्तुगत संघ संस्थाहरुसंग ।

- कर कानूनका औपचारिकताहरु पूरा गर्न करदाताहरुलाई उत्प्रेरित गर्ने ।

## अन्य :

कार्यालयलाई चालू आ.व.का लागि तोकिएको राजस्व लक्ष्य र कार्यात्मक लक्ष्य प्राप्तिको लागि निरन्तर प्रयास र मिहिनेतको अवश्यकता हुन्छ । यसका लागि कार्यालयका सम्पूर्ण कर्मचारीहरुको अठोट त छदैछ, यसमा सबै करदाताको पनि सहयोगको खांचो सदैव रहन्छ।

# आन्तरिक राजस्व कार्यालय, जनकपुर



## परिचय

नेपाल सरकारले बि.सं. २०५८ सालमा तत्कालिन अन्तःशुल्क विभाग कर विभाग तथा मूल्य अभिबृद्धि कर विभागको एकीकरण गरी आन्तरिक राजस्व विभागको स्थापनाको निर्णय संगै तत्कालिन कर कार्यालय जनकपुर, अन्तःशुल्क कार्यालय सर्लाही तथा मूल्य अभिबृद्धि कर कार्यालय जनकपुरलाई गाभेर बि.सं. २०५८ सालमा आन्तरिक राजस्व कार्यालय जनकपुरको स्थापना भएको हो। स्थापना भए देखि हालसम्म तत्कालिन मूल्य अभिबृद्धि कर कार्यालय रहेको पुरानो भवनबाट नै यस कार्यालय संचालन भईरहेको छ। जनकपुर उप.म.न.पा.वडा नं. ४ कि.नं. ६१ क्षेत्रफल ०-५-१० को जग्गामा अवस्थित कार्यालयका ३ वटा भवनहरु रहेका छन्। २ वटा भवनबाट प्रत्यक्ष रुपमा कर प्रशासन सम्बन्धि काम भई रहेको छ भने एउटा भवनका केही कोठाहरु मालसामान भण्डारण र केही कोठाहरु कर्मचारी आवासको रुपमा प्रयोग भई रहेका छन्। हाल प्रयोगमा रहेका भवनहरु पुरानो भई जिर्ण अवस्थामा रहेकाले करदाता मैत्री प्रशासनमा बाधा पुगिरहेको छ। यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत जनकपुर अंचलका ४ वटा जिल्ला धनुषा, महोत्तरी, सर्लाही र सिन्धुली पर्दछन्।


## करदाता सम्बन्धी विवरण

यस कार्यालयमा आ.व. २०७१/०७२ सम्म मू.अ.कर तर्फ ५४४२, अन्तःशुल्क तर्फ १३७०, व्यक्तिगत स्था.ले.नं. (PPAN) १२८९९ व्यवसायिक करदाता संख्या (PAN) मा ३४,४४२ करदाताहरु दर्ता रहेका छन्। यस कार्यालयको कार्यक्षेत्र भित्र पर्ने जिल्लाहरुको जनसंख्याको तुलनामा करदाताहरुको संख्या करिब ३ प्रतिशत हुन आउने देखिन्छ।

## दरबन्दी तथा पदपूर्तिको अवस्था :

| सि.नं. | पद | सेवा । समूह श्रेणी | दरबन्दी | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रमुख कर अधिकृत | प्रशासन, सा.प्र. रा.प.द्धितीय | १ | १ | |
| २. | कर अधिकृत | प्रशासन, राजस्व रा.प.तृतीय | ६ | ६ | |
| ३. | कम्प्युटर अधिकृत | प्रशासन, विविध रा.प.तृतीय | १ | २ | रमना दिन बांकी |
| ४. | नायव सुब्बा | प्रशासन, राजस्व रा.प.अनं.प्रथम | ५ | ६ | १ जना काजमा |
| ५. | लेखापाल | प्रशासन लेखा रा.प.अनं.प्रथम | १ | १ | |
| ६. | खरिदार | प्रशासन, राजस्व रा.प.द्धितीय | - | १ | फाजिल दरबन्दी |
| ७. | डा.ई.सु. | - | ४ | २ | करार दरबन्दी |
| ८. | स.ह.चा. | श्रेणी बिहीन | - | २ | फाजिल दरबन्दीमा एक जना स्थायी र १ जना करार सेवा |
| ९. | कार्यालय सहयोगी | ,, | - | ४ | फाजिल दरबन्दीमा १ जना करार नियुक्ति, ३ जना स्थायी |
| जम्मा : | | | २२ | २५ | |

## कार्यालयको कार्यप्रवाह तालिका :




## बार्षिक बजेट तथा कार्यक्रम :

आर्थिक बर्ष २०७१/०७२ मा यस कार्यालयको लागि चालु खर्च तर्फ रु. १ करोड, ६४ लाख ५४ हजार ८ सय ६ र पूँजीगत खर्च तर्फ २० लाख बजेट विनियोजन भएकोमा बर्षको अन्त्य सम्ममा चालु र पूंजीगत खर्चमा क्रमशः ८९ प्रतिशत र १०० प्रतिशत खर्च भएको छ।

## अभिलेख व्यवस्था :

करदाताको दर्ता भए देखिका सम्पूर्ण कागजातहरुको अभिलेखिकरण गर्ने कार्य प्रारम्भ भईरहेको छ। फाईल व्यवस्थापन गर्नको लागी स्थायी लेखा नं. (PAN) को क्रम मिलाई र्‍याकमा राखिएको छ। आगामी दिनमा खोजेको बखत फाईल प्राप्त गर्न सक्ने गरी फाईलहरुको कम्प्यूटरमा डाटा प्रविष्ट गरी अभिलेख सफ्टवेयर मार्फत फाईल व्यवस्थापन गर्ने कार्य अगाडी बढाईनेछ। फाईल बाहेक अन्य कागजातहरु जस्तै तालुक निकायबाट प्राप्त निर्देशन, परिपत्र, पत्राचारलाई समेत फाईलिङ गरी व्यवस्थित गर्ने गरिएको छ।

## राजस्व असूलीको लक्ष्य र प्रगति

यस कार्यालयलाई आ.व. २०७१/०७२ मा राजश्व असूलीको लक्ष्य १,३१,३५,६५,०००.०० तोकिएकोमा रु. १,३६,२१,४६,०००.०० असुली भएको छ। जुन लक्ष्यको तुलनामा १०३.७० प्रतिशत हो आ.व. २०७०/०७१ को तुलनामा आ.व. २०७१/०७२ को राजश्वमा करिब १७ प्रतिशतले राजस्व बृद्धि भएको छ। यस आ.व.को राजस्व असूली लाई यसरी उल्लेख गरिएको छ।

| सि.नं. | शिर्षक | लक्ष्य | असूली | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | आयकर | ६२६०४८ | ५७१०८१ | ९१.२२ |
| २. | बहालकर | ४५६०३ | ३४४१४ | ७५.४६ |
| ३. | व्याजकर | ३६९१७ | ३३८६७ | ९१.७४ |
| ४. | मू.अ.कर (आन्तरिक) | ३३१८२५ | ३५०१४३ | १०५.५२ |
| ५. | अन्तःशुल्क (आन्तरिक) | २५८८६२ | ३५८८९० | १३८.६४ |
| ६. | स्वास्थ्य सेवा कर | ५३३७ | ७२९३ | १३६.६५ |
| ७. | शिक्षा सेवा शुल्क | ८९७३ | ६४५८ | ७१.९७ |
| | जम्मा | १३१३५६५ | १३६२१४६ | १०३.७० |

## सम्पादन गरिएका उल्लेख्य कार्यहरु :

- लक्ष्यको तुलनामा करिब १०४ प्रतिशत राजस्व असूली भएको ।
- बक्यौता असुलीमा ठूलो प्रगति भएको ।
- "कर बारे तपाईसंग पांच मिनेट" कार्यक्रम संचालनमा ल्याईएको ।
- तत्कालिन कर, मूल्य अभिबृद्धि तथा अन्तःशुल्क कार्यालयहरुबाट रोक्का रहेका जग्गाहरुको फुकुवा सम्बन्धी परेका निवेदनहरु माथि आवश्यक छानबिन पश्चात रोक्का फुकुवा प्रकृयालाई सरल बनाईएको ।
- क्षेत्रगत राजस्व जोखिमको आधारमा बजार अनुगमन गर्ने गरिएको ।
- घुम्ती कर शिविर र कर शिक्षा कार्यक्रमलाई बिशेष जोड दिईएको ।
- ईट्टा उद्योग माथि व्यापक अनुगमन गरी करको दायरामा ल्याईएको र कर असुल समेत गरिएको ।

## कार्यसम्पादन गर्दा आईपरेका समस्याहरु :

- पुरानो भवनबाट करदाता मैत्री सेवा प्रवाह गर्न कठिनाई भएको ।
- बैंक काउन्टर कार्यालय भवन भित्र नहुंदा संकलन र सुरक्षणको समस्या ।
- ठूलो कार्यक्षेत्र तथा निकै कम जनशक्तिको कारण सेवा प्रवाहमा कठिनाई

## समाधानका उपायहरु

- क्षेत्रगत र बिषयगत व्यवसाय अन्तर्गतका करदातालाई कर शिक्षामा जोड दिइनेछ ।
- "कर बारे तपाईसंग पांच मिनेट" अभियान लाई निरन्तरता दिइनेछ ।
- लामो अबधिसम्म क्रेडिट विवरण पेश गरेका करदाताको पहिचान गरी Current Year Audit मा बिशेष जोड दिइनेछ ।
- जोखिम विश्लेषण गरी निजी स्वास्थ्य संस्था, विद्यालय, कलेज, गैर सरकारी संस्था, बित्तीय संस्था तथा सहकारी संस्थाहरु र सरकारी कार्यालयहरुको TDS Vefification परीक्षण गरिनेछ ।
- कर परीक्षणलाई थप प्रभावकारी बनाउन डेस्क अडिट मात्र नगरी स्थलगत परीक्षणलाई पनि जोड दिइनेछ
- करको दायरा विस्तार गर्न बजार अनुगमनलाई तिब्रता दिइनेछ ।
- सूचनामा आधारित कर अनुसन्धान तथा परीक्षण गरिनेछ ।
- घर बहाल सर्भेक्षण गरी करदातालाई करको दायरा ल्याउन पहल गरिनेछ ।
- कर बक्यौता र बेरुजुलाई अद्याबधिक गरी बक्यौता र बेरुजु असुलीको ठोस कार्ययोजना बमोजिम कार्य गरिनेछ ।
- नन फाईलर संख्या घटाउन नोडल अफिसर तोकि कार्ययोजना बमोजिम कार्य गरिनेछ ।
- करदाताको फाईलहरु व्यवस्थापन गर्न सफ्टवेयरको ब्यबस्था गरिनेछ ।
- करदातालाई अनलाईन सेवा प्रवाह गर्न उद्योग बाणिज्य संघको सहकार्यमा कार्यालय परिसरमा कम्प्यूटर कक्ष संचालनमा ल्याइनेछ ।
- आर्थिक ऐन, २०७२ ले गरेका व्यवस्थाहरुको करदाता माझ प्रचार प्रसार तथा अभिलेखिकरण गरिनेछ ।
- विभागले तोकेका कार्यगत लक्ष्य प्राप्ति गर्न बार्षिक व्यवसायिक कार्ययोजना बमोजिम कार्य गरिनेछ ।

## अन्य निकायहरुसंगको अपेक्षा :

### विभाग संग :

- कार्यक्षेत्र र कार्यबोझ अनुसार कर्मचारी दरबन्दी बृद्धि गरी पदपूर्ति गर्ने तर्फ पहल गर्नुपर्ने ।
- अनुभवी र नयां कर्मचारीको संयोजन हुने गरी सरुवा तथा पदस्थपाना गर्ने व्यवस्था मिलानु पर्ने ।
- आबश्यकता अनुसार पुर्नताजगी तालिमको व्यवस्था कार्यस्थलमै दिने व्यवस्था हुनुपर्ने ।
- कार्यालय भवन निकै पुरानो भई जिर्ण अवस्थामा भएको हुंदा नयां भवन निर्माणको लागि बजेट व्यवस्थाको पहल हुनुपर्ने ।
- करदाता सेवा कार्यालयको कार्यक्षेत्र निर्धारण सहित संचालनमा ल्याउनु पर्ने ।

### करदाताहरुसंग :

- कर कानूनको परिपालना पूर्ण रुपमा गर्नु पर्ने ।
- करोबारको यथार्थ विवरण पेश गर्नुपर्ने ।
- बिना बिल बिजक कारोबार नगर्ने नगराउने ।
- तोकिए अबधि भित्र विवरण तथा कर बुझाउने ।

### स्थानिय प्रशासन, उद्योग वाणिज्य संघ, वस्तुगत संघ संग :

- कर सहभागिता बृद्धि गराउन समन्वयात्मक पहल गर्ने ।
- कर कानूनको पालना नगर्ने , करको दायरा भित्र आउन अटेर गर्ने उपर हुने कानूनी कारवाहीमा सहयोग गर्ने ।
- कर छली गर्ने, कारोबार लुकाउने जस्ता क्रियाकलाप भए, गरेको जानकारी पाएमा सूचना दिने लगायत अन्य आबश्यक सहयोग गर्ने ।
- आवश्यक परेमा सुरक्षाको प्रत्याभूति दिने ।

अन्त्यमा, करदाता मैत्री कर प्रशासन, सुशासन र समृद्धि हाम्रो अभियान भन्ने कर प्रशासनको नारालाई सार्थक तुल्याउन आगामी दिनहरुमा राजस्व अभिबृद्धिमा जोड दिने, करदाता मैत्री सेवा प्रवाह, कर शिक्षामा व्यापक जोड दिदै बजार अनुगमन तथा नियमन गरी करको दायरा विस्तार गर्नुपर्ने देखिन्छ । साथै उपलब्ध स्रोतसाधन, जनशक्ति, सूचना प्रविधिको उच्चतम परिचालन गरी कार्यालयलाई तोकिएको राजश्व असूलीको लक्ष्य तथा अन्य कार्यगत लक्ष्यहरु प्राप्तीको लागी कार्यालय प्रयासरत र प्रतिबद्ध रहने छ ।

# आन्तरिक राजस्व विभागको सूचना

## बहाल धनीहरु करको दायरामा आउने सम्बन्धी अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ बमोजिम प्रत्येक प्राकृतिक व्यक्तिले आफुले प्राप्त गरेको बहाल आयको दश प्रतिशतले हुने रकम बहालकर बापत राजस्व दाखिला गर्नुपर्ने र व्यावसायिक कारोबार गर्नेले बहाल रकम भुक्तानी गर्दा दश प्रतिशत रकम कट्टा गरी राजस्वमा दाखिला गरेपछि मात्र बाँकी रकम घरधनीलाई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । घर, बंगला, पसल, कम्प्लेक्स, डिपार्टमेन्टल स्टोर्स, अपार्टमेन्ट, जमीन, मेशिनरी औजार लगायतका सम्पत्ति भाडामा लगाई वहाल आय आर्जन गरिरहेका व्यक्तिहरूलाई करको दायरामा ल्याउन आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूबाट कर्मचारीहरु घरदैलोमा खटाइसकिएका छन् । बहालयोग्य सम्पत्ति बहालमा लगाई आय आर्जन गरिरहेका तर बहालकर नतिरेका बहालधनीहरूले बहाल आय घोषणा फाराम भरी बहालकर बुझाई बहाल कर पुस्तिका अनिवार्य रुपमा लिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी सूचना

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भूक्तानी गर्दा, आकस्मिक लाभको भूक्तानी गर्दा र ठेक्का वा करारको भूक्तानी गर्दा भूक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ । साथै भूक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा ब्याज लाग्ने कानूनी व्यवस्था रहेको छ । तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भूक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरूले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ ।






# कर प्रशासन सुधारको बाटो तयार पारौं

**प्रकाश खनाल**

मू.अ.कर, आयकर, भन्सार तिर्ने बानी गरौं
समयमै शिक्षा स्वास्थ्य सेवा कर तिरौं
कर प्रणाली सुधार गर्ने गर्छ है सरकार
सरकारको सुधार कार्य जनताको भर ।

सरकार मात्र होइन जागौ जनता अब
आर्थिक विकास कर प्रणाली संगै जान्छन् तब
कर आधार र दायरा फराकिलो पार्ने
ठूलो स्रोतको खांचो पर्दा मुस्किल पनि टार्ने

निर्यातलाई प्रबर्धन आयात प्रतिस्थापन
सार्वजनिक सेवालाई गरौ अब मापन
राजस्वको चुहावटलाई रोक्ने कार्य गरौं
कर प्रशासन सुधारको बाटो तयार पारौं

स्वेच्छिक सहभागिताको थालौं अभियान
सहभागिता लागत घटाउने कुरा अब जान
जनताले कर विवरण समयमै बुझाऊ
बिलबिजक दिने लिने कार्य अब सुझाऊ

उद्योग अनि पूर्वाधार हुन्छ तीब्र विकास
राजस्वनै बलियो हुंदा त्यसले दिन्छ निकास
सरल सहज पारदर्शी कर प्रणाली बन्ने
जनताले स्वेच्छाले कर तिर्न थाल्ने
जनताले स्वेच्छाले कर तिर्न थाल्ने

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
राममणि दुवाडी
अर्जुनप्रसाद पोखरेल
चन्द्रकला पौडेल
लक्ष्मीप्रसाद यादव

**सम्पादन समूह**
सम्झना बराल
शिवलाल तिवारी
प्रकाश शर्मा ढकाल
आनन्द काफ्ले


बहाल आयमा १० प्रतिशत कर तिरौं ।